

# राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची–महाकाली ।

प्रकृतिका कोटी–कोटी सम्पदाको आँचल
वीरहरुका रगतले, स्वतन्त्र र अटल।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

# शुभ-विजया दशमी, दीपावली, नेपाल सम्बत् ११४४ तथा छठ पर्व





**२०८० को पावन अवसरमा**

**संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरू, कर्मचारीवर्गहरू तथा देश-विदेशमा रहनु भएका सम्पूर्ण शुभ-चिन्तक महानुभावहरूमा दीर्घायु सु-स्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**लब कुमार खड्का**
अध्यक्ष
एवम्

**टेवा बहुउद्देश्यीय सहकारी संस्था लि. (परिवार)**

टेवाचोक, हात्तीवन, ल.पु.म.न.पा.-२३, ललितपुर, फोन नं.: ०१-५९११७४२, ५९१४२१०

# टेवा बहुउद्देश्यीय सहकारी संस्था लि.

# Tewa Multipurpose Co-operative Ltd.

टेवाचोक, हात्तीवन, ल.पु.म.न.पा.-२३, ललितपुर, फोन नं.: ०१-५९११७४२, ५९१४२१०


च.न. : ०६७/०८०/०८१

मिति :२०८०/०५/१३

श्री ............................................................ ज्यू

...................................................................।

## विषय : १६ औं वार्षिक साधारण सभाहुने सम्बन्धमा ।

**महोदय,**

यस संस्थाको मिति २०८० साल भाद्र ०५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार तपशिलमा उल्लेखित विषयमा छलफल गरी निर्णय लिन संस्थाको सोह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभाको कार्यक्रम** :

मिति : २०८० साल असोज २० गते, शनिवार ।
समय : बिहान ठीक ११:३० बजे ।
स्थान : हात्तिवन ब्याङ्क्वेट प्रा.लि. खरिकोबोट ललितपुर ।
(माइक्रो बसपार्क सँगै)

**साधारण सभाको छलफलका विषयहरू** :

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन र आ.व. २०८०/०८१ को लागि प्रस्तावित नीति तथा कार्यक्रम पारित गर्ने सम्बन्धमा ।

(२) सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षज्युले प्रस्तुत गर्नुहुने आ.व. २०७९/०८० को वार्षिक आर्थिक प्रगति प्रतिवेदन र आ.व. २०८०/०८१ को लागि प्रस्तावित बजेट पारित गर्ने सम्बन्धमा ।

(३) लेखा सुपरिवेक्षण समितिको तर्फबाट समितिको संयोजकज्युले प्रस्तुत गर्नुहुने आ.व. २०७९/०८० प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

(४) आ.व. २०७९/०८० को वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

(५) आ.व. २०८०/०८१ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

(६) संस्थाको पञ्चवर्षिय रणनीतिक व्यवसायिक योजना सम्बन्धमा ।

(७) शेयर लाभांश प्रस्ताव अनुमोदन सम्बन्धमा ।

(८) संरक्षित पुँजी फिर्ताकोष वितरण प्रस्ताव अनुमोदन सम्बन्धमा ।

(९) आ.व. २०७९/०८० मा बसेको समिति, उप-समितिको बैठकको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

(१०) संस्थाको आन्तरीक नियमावली, नीति, कार्यविधि तथा निर्देशिकाहरु संशोधन गर्ने सम्बन्धमा ।

(११) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न साधारण सभामा उपस्थित शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।

(१२) विविध ।

विमला कार्की भण्डारी
सचिव

## यस भित्र...


| क्र.सं | विषय | |
|---|---|---|
| १. | उपस्थित हुने सम्बन्धमा | ३ |
| २. | संस्थाको साङ्गठनिक स्वरुप | ५ |
| ३. | एक झलकमा टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | ६ |
| ४. | टेवा बहुउद्देश्यीय सहकारी संस्था लि. को संक्षिप्त परिचय | ७–११ |
| ५. | सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रगति प्रतिवेदन एवम वार्षिक नीति तथा कार्यक्रम -२०८० | १२–३१ |
| ६. | संस्थाका कोषाध्यक्षज्यूबाट आ.व. ०७९।०८० को आर्थिक प्रतिवेदन प्रस्तुत तथा आ.व. ०८०।०८१ को लागि अनुमानित बजेट | ३३–४७ |
| ७. | लेखा सुपरीवेक्षण समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन | ४८–५२ |
| ८. | लेखापरीक्षकको प्रतिवेदन | ५३–५५ |
| ९. | वासलात | ५६ |
| १०. | नाफा नोक्सान हिसाब | ५७ |
| ११. | नगद प्रवाह विवरण | ५८ |
| १२. | इक्वीटिमा भएको परिवर्तन सम्बन्धी विवरण | ५९ |
| १३. | लेखापरीक्षण प्रतिवेदनसँग सम्बन्धित अनुसूचिहरु | ६०–७२ |

# संस्थाको साङ्गठनिक स्वरूप



## एक झलकमा टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

आ.व. २०७९/८० सम्मको

# वित्तीय अवस्था

आ.व. २०७९/८०

| | | |
|---|---|---|
| १ | जम्मा शेयर पूँजी | २७ करोड ९७ लाख ३० हजार ८ सय रुपैयाँ |
| २ | जगेडा कोष | ८ करोड ९४ लाख ९८ हजार ५ सय २२ रुपैयाँ ०८ पैसा |
| ३ | अन्य कोषहरु | ८ करोड ९५ लाख ५१ हजार ३ सय ३७ रुपैयाँ ८० पैसा |
| ४ | विविध कोषहरु | ५९ लाख ७८ हजार ६ सय ६५ रुपैयाँ ३२ पैसा |
| ५ | बचत निक्षेप | ७८ करोड ३० लाख ६० हजार ९ सय ६१ रुपैयाँ ६९ पैसा |
| ६ | आयकर पछिको नाफा | ८ करोड ५५ लाख १२ हजार ९ सय ३१ रुपैयाँ २७ पैसा |
| ७ | लगानीमा रहेको ऋण | १ अर्ब ९ करोड ६८ लाख ३२ हजार १ सय ७२ रुपैयाँ ६० पैसा |
| ८ | शेयर तथा मुद्दती लगानी | ८ करोड १७ लाख २९ हजार १ सय १८ रुपैयाँ ५१ पैसा |
| ९ | बैंक तथा नगद मौज्दात | १० करोड ९४ लाख ९९ हजार ७० रुपैयाँ २४ पैसा |
| १० | स्थिर सम्पत्ति | २ करोड ७६ लाख ८५ हजार ९ सय ७१ रुपैयाँ ११ पैसा |
| ११ | आषाढ मसान्त सम्म कुल उठाउनु पर्ने ब्याज | १७ करोड ९९ लाख ९६ हजार ७ सय ३९ रुपैयाँ १२ पैसा |
| १२ | जम्मा उठेको ब्याज | १७ करोड ७४ लाख २० हजार ३ सय ३६ रुपैयाँ ५० पैसा |
| १३ | उठ्न बाँकी ब्याज | २५ लाख ७६ हजार ४ सय २ रुपैयाँ ६२ पैसा |
| १४ | ब्याज असुली प्रतिशत | ९८.५७ प्रतिशत |
| १५ | भाखा नाघेको ऋण | ३७ लाख ८६ हजार ६ सय १६ रुपैयाँ ५४ पैसा |
| १६ | भाखा सकिएको ऋण प्रतिशत | ०.३५ प्रतिशत |
| १७ | आयकर कर भुक्तानी | ९३ लाख ७ हजार ५ सय ९ रुपैयाँ ९० पैसा |
| १८ | आयकर, ब्याज तथा अन्य कर भुक्तानी | १ करोड ६७ लाख ४५ हजार २ सय ९० रुपैयाँ ८२ पैसा |
| १९ | कुल सदस्य संख्या | ४ हजार १ सय ६९ जना |
| २० | तरलता प्रतिशत (मुद्दती लगानी समेत) | २२.९२ प्रतिशत |
| २१ | आ.व. २०७९/८० को वासलात | १ अर्ब ३२ करोड ५५ लाख ६१ हजार १ सय ६४ रुपैयाँ ७८ पैसा |

# टेवा बहुउद्देश्यीय सहकारी संस्था लि. को

## संक्षिप्त परिचय




२०६४ साल श्रावण १६ गते ५ जना महिला र ३४ जना पुरुष गरी ३९ जना सदस्यहरुको भेला बाट प्रतिव्यक्ति एक-एक लाख शेयर पूँजीबाट स्थापना भएको संस्थाले कम पूँजी तथा निम्न आय भएका श्रमिक, किसान, साना व्यापारी, उद्यमी र सर्वसाधारणलाई सदस्यता प्रदान गरि सदस्यको आर्थिक जीवनस्तर उकास्ने काम गरेको छ । तत्कालिन डिभिजन सहकारी कार्यालय ललितपुरमा २०६४ श्रावण १६ गते दर्ता भई २०६४ साल असोज १ गतेबाट कारोबार शुरुवात गरी अहिले हामी १६ औं वर्ष पुरा भई १७ औं वर्षमा संचालित छौं । डेढ दशक भन्दा बढी इतिहास रचेको यस संस्था आज हामीहरु बीच गरिमामय संस्थाको रुपमा स्थापित रहेको छ । सदस्यहरुलाई सामाजिक, साँस्कृतिक र आर्थिक रुपमा समृद्ध बनाउने यस संस्थाको मुख्य उद्देश्य रहेको छ । यस संस्थाको कार्यक्षेत्र ललितपुर जिल्ला भित्रको ललितपुर महानगरपालिकाको वडा नं १ देखी वडा नं २९ सम्म, गोदावरी नगरपालिकाको वडा नं १ देखी वडा नं १४ सम्म, महालक्ष्मी नगरपालिकाको वडा नं १ देखी वडा नं ४ सम्म रहेको छ ।

### अन्य विशेषताहरू

- स्थानीय प्रतिष्ठित व्यक्तिहरुको संलग्नता ।
- स्थापनाकाल देखिनै उचित लाभांश प्रदान ।
- आफ्नै भवनबाट संचालित ।
- बचत तथा ऋणमा उचित ब्याजदर ।

## संस्थाको परिकल्पनाः (OUR VISION)

सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरणको लागि समुदायमा आधारित सहकारी संस्था ।

## संस्थाको ध्येयः (OUR MISSION)

गुणस्तरीय वित्तिय सेवा र परामर्श प्रदान गरी सदस्यहरुको व्यवसाय प्रवर्द्धन, आर्थिक रुपान्तरण र दिगो विकासमा योगदान पुऱ्याउने ।

## संस्थाको लक्ष्यः (OUR GOAL)

- सदस्य केन्द्रित बैंकिङ्ग कारोबार गर्ने,
- सदस्य र समुदायलाई सेवा पुग्ने गरी व्यवसाय गर्ने,
- सहकारीका मूल्य मान्यताको अनुसरण गर्ने,
- सदस्यको व्यवसाय र व्यवहारिक जीवनमा सहयोग गर्ने,
- समुदायप्रतिको जिम्मेवारी पूरा गर्न स्वास्थ्य, शिक्षा वातावरणीय सुधारको काम गर्ने र सदस्य केन्द्रित विशेष कार्यक्रम सञ्चालन गर्ने

## संस्थाको उद्देश्यः (OUR OBJECTIVES)

सदस्यहरुलाई सामाजिक, साँस्कृतिक र आर्थिक रुपमा समृद्ध बनाउनको लागि देहाय बमोजिमको कार्यहरु गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ ।

१. संस्थामा आबद्ध सदस्यहरुको आर्थिक अवस्था सुधार गर्नका लागि आवश्यक सुविधा प्रदान गर्ने ।

२. नियमित रुपमा सदस्यहरुबाट निक्षेप संकलन गर्नुको साथै संकलित निक्षेपमा आकर्षक ब्याज प्रदान गर्ने ।

३. उत्पादनशील, आयमूलक र सिपमूलक उद्देश्यका लागि सदस्यहरुलाई उचित ब्याजदरमा ऋण प्रदान गर्ने ।

४. संस्थामा आवश्यकता अनुसारको तरलता व्यवस्थापन गर्ने ।

५. संस्थाको सदस्यहरुको जीवनस्तर माथि उठाउन सम्बन्धित निकायहरुको इजाजत लिई आयमूलक, सीपमूलक, उत्पादनमूलक एवम् स्वास्थ्य, शिक्षा, खेलकुद, आवास, सञ्चार, तालीम र वातावरण संरक्षण एवम् सुधारका कार्यहरु गर्ने । साथै स्वरोजगारीका लागि विभिन्न कार्यहरु गर्ने ।

६. बालबालिका तथा ज्येष्ठ नागरिकहरुको हेरचाह र सुविधाका लागि विशेष व्यवस्था मिलाउने ।

७. कृषि व्यवसायीकरणमा सहयोग पुऱ्याउने र महिला सशक्तिकरणका क्षेत्रमा कार्य गर्ने ।

८. दैनिक उपभोग्य सामाग्रीको खरिद बिक्री गर्न उपभोक्ता पसलहरु संचालन गर्ने ।

९. विप्रेषण (रेमिट्यान्स) सेवाको एजेन्सी लिई कार्य गर्ने ।

१०. सदस्यहरुको हितको लागि विभिन्न प्रकारको कोषहरु श्रृजना गरी सदस्यहरुलाई सेवा सुविधा उपलब्ध गराउने ।

## संस्थाका शेयर सदस्यहरुले प्राप्त गर्ने अन्य सेवा सुविधा

| | |
|---|---|
| स्वास्थ्य उपचार खर्च | संस्थाका सदस्यहरु बिरामी भई अस्पताल भर्ना भएमा उपचार खर्चको आधारमा वार्षिक अधिकतम रु. ५०,०००/- (अक्षरेपी रु. पचास हजार मात्र सम्म) उपचार खर्च उपलब्ध गराइने छ ।<br>(नोट : औषधी उपचार सुविधा लिन टेवा स्वास्थ्य हितकोष बचतमा योगदान गरेको १ वर्ष पुरा हुनु पर्नेछ ।) |
| दीर्घरोग उपचार खर्च | नेपाल सरकारले किटान गरेको दीर्घरोग मध्ये संस्थाले तोकिए अनुसारको दीर्घरोग भएका सदस्यहरुलाई एक पटक रु. १५,०००/- (अक्षरेपी रु. पन्ध्र हजार रुपैयाँ मात्र) उपलब्ध गराइने छ । हाल ४ घातक रोगहरुमा यो सुविधा उपलब्ध छ ।<br>(नोट : दीर्घरोग सुविधा लिन टेवा स्वास्थ्य हितकोष बचतमा योगदान गरेको ५ वर्ष पुरा हुनु पर्नेछ ।) |
| काज किरिया खर्च | संस्थाको सदस्यहरुको मृत्यु भएको अवस्थामा समवेदना प्रकट गरिनुका साथै परिवारजनलाई राहत स्वरुप अधिकतम रु. ५०,०००/- (अक्षरेपी रु. पचास हजार मात्र) काज किरिया खर्च उपलब्ध गराईने छ ।<br>शेयर सदस्यको परिवारको मृत्यु भएमा रु. १०,५००/- (अक्षरेपी रु. दश हजार पाँच सय रुपैयाँ मात्र) उपलब्ध गराईने छ ।<br>नोटः<br>क. सदस्य भई स्वास्थ्य हितकोषमा कम्तीमा ३६ महिना योगदान पुऱ्याइएको सदस्यको वा सदस्य परिवारको निधन भएमा तोकिएको रकमको ५० प्रतिशत उपलब्ध गराउने ।<br>ख. सदस्य भई स्वास्थ्य हितकोषमा कम्तीमा ६० महिना योगदान पुऱ्याइएको सदस्यको वा सदस्य परिवारको निधन भएमा तोकिएको रकमको १०० प्रतिशत उपलब्ध गराउने । |
| सुत्केरी पोषण तथा औषधी उपचार खर्च | संस्थाको महिला सदस्य सुत्केरी भएमा अधिकतम २ पटक सम्म रु. १५,०००/- (अक्षरेपी रु. पन्ध्र हजार रुपैयाँ मात्र) सुत्केरी पोषण तथा औषधी उपचार खर्च उपलब्ध गराईने छ ।<br>(नोट : स्वास्थ्य हितकोष बचतमा योगदान गरेको १ वर्ष पुरा हुनु पर्नेछ ।) |
| नवजात शिशुको मुख हेराई | शेयर सदस्यको परिवारमा नवजात शिशुको जन्म भएमा घरैमा गई निःशुल्क बाल बचत खाता खोली बचत गर्न प्रेरित गर्ने उद्देश्यले रु १०० का साथ मायाको चिनो बापत बचत बाकस (खुत्रुके) र न्यानो कपडा (दौरा सेट) वितरण गरिने छ । |
| ज्येष्ठ नागरिक सम्मान सुविधा | संस्थाले आफ्नो ज्येष्ठ शेयर सदस्यहरुलाई औषधी तथा उपचार खर्च बापत वार्षिक रु.१५०००/(अक्षरेपी रु.पन्ध्र हजार रुपैयाँ मात्र) उपलब्ध गराउने छ ।<br>(नोट :संस्थाको शेयर सदस्यता लिएको ५ वर्ष पुरा भई, ६९ वर्ष उमेर पुरा गरी ७० वर्ष लागेका हुनुपर्ने ।) |
| बिल भुक्तानी सेवा | संस्थाको सदस्यहरुको विद्युत, पानी, टेलिफोन, इन्टरनेटको महशुल, सदस्यको खातामा रकम जम्मा गरे पश्चात संस्थाले भुक्तानीको व्यवस्था मिलाईदिने छ । |
| मोबाइल बैंकिङ्ग तथा एस.एम.एस सेवा | टेवा स्मार्ट बैंकिङ्ग एप मार्फत यस संस्थाले आफ्ना सदस्यहरुलाई डिजिटल मोबाइल बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको छ । |

## संस्थाको बचत सेवा र ब्याजदर :

बाह्य वित्तिय बजारसँग प्रतिस्पर्धा गर्नुपर्ने तथा समय समयमा हुने वित्तिय बजारको उतार चढावलाई मध्यनजर गर्दै संस्थाले यस वर्ष बचत तथा ऋणमा समय सापेक्ष ब्याजदर परिर्वतन गरिएको छ ।

**१) मुद्दती निक्षेपमा प्रदान गरिने ब्याजदर :**

| अवधि | मासिक | त्रैमासिक | अर्धवार्षिक | वार्षिक | एकमुष्ठ |
|---|---|---|---|---|---|
| १ वर्ष | १२% | १२.२५% | १२.५०% | - | १३% |
| २ वर्ष | १२.५०% | १२.७५% | १३% | १३.२५% | १३.७५% |
| ३ वर्ष | १२.७५% | १३% | १३.५०% | १३.७५% | १४.२५% |

क. टेवा प्रिमियम मुद्दती निक्षेपमा १३.५% ब्याजदर प्रदान गरिने छ ।

न्यूनतम मौज्दात : रु. १,००,००,०००/- (अक्षरेपी रु. एक करोड रुपैयाँ मात्र) हुनुपर्ने छ ।

ख. १०० दिने मुद्दती निक्षेपमा १२ % ब्याजदर प्रदान गरिने छ ।

**२) क्रमिक बचतमा प्रदान गरिने ब्याजदर :**

| अवधि | ब्याजदर |
|---|---|
| ३ महिना | ७% |
| ६ महिना | ८% |
| ९ महिना | ९% |
| १ वर्ष | १०% |
| २ वर्ष | ११% |
| ३ वर्ष | १२% |

**३) टेवा सुपर बचतमा प्रदान गरिने ब्याजदर :**

| मौज्दात रकम | ब्याजदर |
|---|---|
| रु १० हजार माथि रु ५ लाखसम्म | ९.५०% |
| रु ५ लाख १ देखि रु २५ लाखसम्म | १०% |
| रु २५ लाख १ देखि माथि | १०.५०% |

**४) जेष्ठ नागरिक तथा एकल महिला खातामा प्रदान गरिने ब्याजदर :**

| मौज्दात रकम | दशैं खर्च | मासिक ब्याज |
|---|---|---|
| रु. १ लाख | रु. १५००।- | रु.९०० |
| रु. २ लाख | रु. ३०००।- | रु.१८०० |
| रु. ३ लाख | रु. ६०००।- | रु.२६०० |
| रु. ४ लाख | रु. ९०००।- | रु.३४०० |
| रु. ५ लाख | रु. १२०००।- | रु.४२०० |

| क.स | मौज्दात रकम | ब्याजदर | क.स | मौज्दात रकम | ब्याजदर |
|---|---|---|---|---|---|
| ५) | अनिवार्य (नियमित) बचत | १०% | १०) | घरभाडा बचत | ९% |
| ६) | साधारण बचत | ९% | ११) | रेमिटान्स बचत | ९.५०% |
| ७) | शेयर डिपोजिट बचत | ९% | १२) | टेवा कर्पोरेट बचत | ९% |
| ८) | बाल बचत (खुत्रुके बचत) | १०% | १३) | ज्येष्ठ नागरिक बचत | १२% |
| ९) | नारी बचत | १०% | १४) | कर्मचारी हितकोष बचत | १२% |

१५) **कर्जा प्रवाह योजनामा निम्नानुसारको ब्याजदर लागु रहेको छ ।**

| क.सं | कर्जा शिर्षक | ब्याजदर |
|---|---|---|
| १ | लघुवित्त कर्जा (सामुहिक जमानीमा) | १६% |
| २ | मुद्दति रसिद धितो कर्जा<br>आवधिक बचत धितो कर्जा<br>(रकमको ९०% सम्म कर्जा प्रदान गर्न सकिने) | थप २% |
| ३ | सहुलियत कर्जा | १६% |
| ४ | कृषि कर्जा | १५% |
| ५ | व्यवसायिक कर्जा | १६% |
| ६ | भवन निर्माण कर्जा | १६% |
| ७ | महिला सामुहिक जमानी कर्जा | १६% |
| ८ | हायर पर्चेज कर्जा | १६% |
| ९ | सामाजिक कर्जा | १६% |
| १० | आपतकालिन/उपचार कर्जा | १६% |
| ११ | धितो कर्जा | १६% |
| १२ | सुविधा कर्जा | १६% |

## सदस्यको काम, कर्तब्य र अधिकार

१. सहकारीका मूल्य, मान्यता, सिद्धान्त तथा सहकारी ऐन, नियम संस्थाको विनियम, संस्थाले तर्जुमा गरिएको नीति, निर्देशिका, कार्यविधि एवं निर्णयहरु र सो मा भएको परिमार्जन समेतलाई पूर्ण पालना गर्ने ।
२. शेयर सदस्यता लिनका लागि समितिले तोके बमोजिम प्रक्रिया पुरा गर्ने ।
३. जतिसुकै शेयर लिएता पनि एक व्यक्ति एक मतको आधारमा मात्र आफ्नो मताधिकारको प्रयोग गर्न पाईने ।
४. संस्थामा उपस्थित भै नियमित बचत कारोबार गर्ने तथा आवश्यकता अनुरुप ऋण लिई सो को सदुपयोग गर्ने ।
५. सदस्यहरुको हितका लागि समिति तथा कर्मचारीहरुलाई आवश्यक सहयोग गर्ने ।
६. संस्थाको वार्षिक साधारण सभामा तथा संस्थाबाट संचालित अन्य कार्यक्रमहरुमा सक्रिय सहभागिता जनाउने ।
७. संस्थाले सदस्यका लागि संचालन गरेका सुविधाको उपभोग गर्ने । नयाँ प्रविधिहरुको उपयोग गर्ने ।
८. समय समयमा सदस्य पहिचान फाराम (KYM) अद्यावधिक गर्ने ।
९. संस्थालाई बुझाउनु पर्ने पेश्की, ऋण, किस्ता तथा आफूले कबुल गरेको रकम तोकिएको समयमा भुक्तानी गर्ने ।
१०. संस्थाबाट संचालन गरिने हरेक कार्यहरुमा आवश्यकता र निर्णय अनुसार सहयोग प्रदान गर्ने ।
११. संस्थाको अहित हुने गरी प्रतिस्पर्धी हुने खालको कुनै व्यक्तिगत व्यवसाय वा कारोबार संचालन नगर्ने ।

# टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

**टेवा चोक, हात्तीबन ललितपुरको**

**१६ औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट संस्थाका अध्यक्ष श्री लब कुमार खड्काद्वारा प्रस्तुत आ.व. २०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन तथा आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रमहरू**

टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको १६औं वार्षिक साधारण सभामा हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नु भएका प्रमूख अतिथिज्यू, अतिथिज्यूहरु, सल्लाहकारज्यूहरु, पत्रकार मित्रहरु तथा सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा संस्थाको एवम् मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन ब्यक्त गर्न चाहन्छु ।

## आदरणीय शेयर सदस्य महानुभावहरू,

वि.सं.२०६४ साल श्रावण १६ गते ५ जना महिला र ३४ जना पुरुष गरी ३९ जना सदस्यहरुको भेला बाट प्रतिव्यक्ति एक-एक लाख शेयर पूँजीबाट स्थापना भएको संस्थाले, कम पूँजी तथा निम्न आय भएका श्रमिक, किसान, साना व्यापारी, उद्यमी र सर्वसाधारणलाई सदस्यता प्रदान गरी सदस्यहरुको आर्थिक जीवनस्तर उकास्ने काम गरेका छौं । हाम्रो यस सहकारी संस्थाले आफ्ना शेयर सदस्यहरुलाई जन्मदेखि मृत्युपर्यन्त सेवा दिई रहेको छ, जसका कारण सहकारीले आफ्नो पहिचान स्थापित गर्न सफल भएको छ । तत्कालिन डिभिजन सहकारी कार्यालय ललितपुरमा २०६४ श्रावण १६ गते दर्ता भई २०६४ साल असोज १ गतेबाट कारोबार शुरुवात गरी हामी १६ औं वर्ष पुरा भई १७ औं वर्षमा संचालित छौं । डेढ दशक भन्दा लामो इतिहास रचेको यस संस्था आज हामीहरु बीच गरिमामय संस्थाको रुपमा स्थापित भइसकेको छ । सदस्यहरुलाई सामाजिक, साँस्कृतिक र आर्थिक रुपमा समृद्ध बनाउने यस संस्थाको मुख्य उद्देश्य रहेको छ । यस संस्थाको कार्यक्षेत्र ललितपुर जिल्ला भित्रको ललितपुर महानगरपालिकाको वडा नं १ देखि वडा नं २९ सम्म, गोदावरी नगरपालिकाको वडा नं १ देखि वडा नं १४ सम्म र महालक्ष्मी नगरपालिकाको वडा नं १ देखि वडा नं ४ सम्म रहेको छ ।

## आदरणीय शेयर सदस्य महानुभावहरू,

सदस्यहरुको उत्साहजनक उपस्थितिमा हामीले १५ औं वार्षिक साधारण सभा भव्यताका साथ सम्पन्न गर्‍यौं । तत्पश्चात आज हामी फेरी १६ औं वार्षिक साधारण सभामा उपस्थित भएका छौं । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोनाको दीर्घकालीन असर, आर्थिक मन्दी र वित्तिय बजारमा देखिएको तरलता संकटको तेहरो मारलाई पन्छाउँदै प्रतिकूल वातावरणका बीच पनि हामीले नतिजालाई अनुकूलतामा बदल्न सफल भएका छौं । जस्तो सुकै कठिन परिस्थितिमा पनि हामी सदस्यहरुको साथ र सहयोगबाट आफ्ना नियमित गतिविधिलाई अगाडि बढाईरहेका छौं ।

हाम्रो यस टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड को आ.व. २०७९।०८० सम्ममा कुल कारोबार १ अर्ब ३२ करोड ५५ लाख ६१ हजार १ सय ६४ रुपैयाँ ७८ पैसा रही समुदायको उत्कृष्ट सहकारीको रुपमा स्थापित हुन सफल भएका छौं । सहकारी सिद्धान्त, मूल्य र मान्यतालाई आत्मसात गरी सहकारी ऐन, नियमावली, नीति र निर्देशनहरुको परिपालना गर्दै सेवा प्रदान गर्दै आईरहेका छौं । हाल सम्म १ प्रारम्भिक साधारण सभा र १५ वार्षिक साधारण सभा सम्पन्न गरी अहिले १६ औं वार्षिक साधारण सभाको पूर्व सन्ध्यामा छौं । यस संस्थाको यो सभा अत्यन्त महत्वपूर्ण र आफैमा गरिमामय छ ।

## १. साधारण सभा :

संस्थाको पन्ध्रौं वार्षिक साधारण सभा २०७९ असोज ०८ गते शनिबारका दिन ललितपुर पार्टी प्यालेस सातदोबाटो चोक, ललितपुरमा जिल्ला सहकारी संघका अध्यक्ष श्री केदार गोर्खालीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न गरिएको थियो । उक्त साधारण सभामा कूल २०७२ जना शेयर सदस्यहरुको उपस्थिति रहेको थियो ।

हाल सम्म सम्पन्न साधारण सभाहरुको विवरण :

| क्र.सं. | साधारण सभा | मिति |
|---|---|---|
| १ | प्रारम्भिक साधारण सभा | २०६४ असोज १९ गते, शनिबार |
| २ | प्रथम वार्षिक साधारण सभा | २०६५ पौष ०५ गते, शनिबार |
| ३ | दोस्रो वार्षिक साधारण सभा | २०६६ मंसिर २७ गते, शनिबार |
| ४ | तेस्रो वार्षिक साधारण सभा | २०६७ पौष ०३ गते, शनिबार |
| ५ | चौथो वार्षिक साधारण सभा | २०६८ कार्तिक १९ गते, शनिबार |
| ६ | पाँचौं वार्षिक साधारण सभा | २०६९ मंसिर २३ गते, शनिबार |
| ७ | छैठौं वार्षिक साधारण सभा | २०७० असोज ०५ गते, शनिबार |
| ८ | सातौं वार्षिक साधारण सभा | २०७१ मंसिर २७ गते, शनिबार |
| ९ | आठौं वार्षिक साधारण सभा | २०७२ असोज १६ गते, शनिबार |
| १० | नवौं वार्षिक साधारण सभा | २०७३ असोज ०८ गते, शनिबार |
| ११ | दशौं वार्षिक साधारण सभा | २०७४ भाद्र ३१ गते, शनिबार |
| १२ | एघारौं वार्षिक साधारण सभा | २०७५ असोज २० गते, शनिबार |
| १३ | बाह्रौं वार्षिक साधारण सभा | २०७६ असोज ०४ गते, शनिबार |
| १४ | तेह्रौं वार्षिक साधारण सभा समापन कार्यक्रम | २०७७ असोज ३० गते, शुक्रबार |
| १५ | चौधौं वार्षिक साधारण सभा | २०७८ पौष २४ गते, शनिबार |
| १६ | पन्ध्रौं वार्षिक साधारण सभा | २०७९ असोज ०८ गते शनिबार |

## २. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा अन्य उपसमितिहरूको बैठक सम्बन्धमा:

आ.व. २०७९।०८० भित्र विविध कार्यक्रमको प्रभावकारिताको लागि संस्थाले निम्न बमोजिमको बैठक बसी नीतिगत विषयमा निर्णय लिइयो ।

| क्र.स. | बिवरण | बैठक संख्या |
|---|---|---|
| १. | सञ्चालक समिति | १७ |
| २. | लेखा सुपरिवेक्षण समिति | ६ |
| ३. | सञ्चालक र लेखा सुपरिवेक्षण समिति संयुक्त बैठक | ३ |

| | | |
|---|---|---|
| ४. | सञ्चालक, लेखा सुपरिवेक्षण र उप-समिति संयुक्त बैठक | १ |
| ५. | शिक्षा उप-समिति | १ |
| ६. | ऋण उप-समिति | १४ |
| ७. | महिला तथा बाल बालिका उप-समिति | ३ |
| ८. | स्वास्थ्य हितकोष उप-समिति | १० |
| ९. | सामाजिक परिचालन उप-समिति | १ |
| १०. | ज्येष्ठ नागरिक कोष उप-समिति | १ |
| ११ | विविध (साधारण सभा व्यबस्थापन र अन्य) | ३ |

## ३. संस्थाका विद्यमान नियमावली, नीति, कार्यविधि तथा निर्देशिकाहरू

संस्थामा तपशील बमोजिमका विद्यमान नीति तथा निर्देशिकाहरु लागु गरीएको छ ।

| क्र.स | नियमावली, नीति, कार्यविधि तथा निर्देशिकाहरू | |
|---|---|---|
| १ | संस्थाको विनियम - २०७९ (संशोधन) | |
| २ | टेवा स्वास्थ्य हितकोष बचत सञ्चालन कार्यविधि -२०७४ | |
| ३ | ज्येष्ठ नागरिक हितकोष बचत सञ्चालन कार्यविधि -२०७४ | |
| ४ | उप-समिति गठन तथा सञ्चालन कार्यविधि -२०७५ | |
| ५ | बचत नीति - २०७५ | |
| ६ | सम्पत्ति शुद्धिकरण सम्बन्धी निर्देशिका -२०७९ | |
| ७ | भल्ट संचालन तथा आन्तरिक सुरक्षा व्यवस्थापन नीति-२०७६ | |
| ८ | सहकारी सुशासन नीति -२०७६ | |
| ९ | बैठक संचालन निर्देशिका -२०७६ | |
| १० | कर्मचारी प्रशासन विनियमावली -२०७६ (संशोधन) | |
| ११ | आर्थिक प्रशासन नियमावली -२०७९ (संशोधन) | |
| १२ | कर्जा लगानी तथा असुली नीति -२०७६ (संशोधन) | |
| १३ | शेयर सदस्यता तथा कोषको उपयोग नीति-२०७६ (संशोधन) | |
| १४ | निर्वाचन निर्देशिका- २०७७ (संशोधन) | |
| १५ | बाल बचत हितकोष सञ्चालन कार्यविधि - २०७९ | |

## ४. प्रकाशन तथा कार्यालय सुरक्षाः

क. संस्थाले वार्षिक प्रगति प्रतिवेदन, भित्तेपात्रो तथा ब्याजदर सम्वन्धी ब्रोशर प्रकाशन गरी शेयर सदस्य महानुभावहरुलाई वितरण गरिएको छ ।

ख. संस्थामा सुरक्षा व्यवस्था चुस्त दुरुस्त राख्नको लागि बज्र सेक्यूरिटि सर्भिस प्रा.लि. सँगको सम्भौता अनुसार २४ सै घण्टा पालो पहरा गर्ने गरी सुरक्षा गार्डको तथा सेक्यूरिटी एलार्म मेसिन व्यवस्था गर्ने कार्य निरन्तरता गरिएको जानकारी गराउँदछु ।

## ५. कार्यालय तथा कर्मचारी व्यवस्थापन

क. संस्थाले आफ्नै स्वामित्वमा रहेको भवनबाट मात्र सेवा प्रदान गर्दै आएको र संस्थाले प्रदान गर्ने सेवालाई अझ बढी व्यवस्थित गर्न कर्मचारीहरुलाई कार्यविवरण सहित आवश्यक जिम्मेवारी बाँडफाँड गरी कार्य संचालन गरिदै आइरहेको छ ।

ख. संस्थामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप संस्थाको विनियम बमोजिम स्थापित कर्मचारी बोनस कोषबाट कर्मचारीले खाईपाई आएको आधारभूत तलबको २ महिना बराबरको हुन आउने रकम वितरण गरिएको छ । साथै संस्थामा कार्यरत कर्मचारीहरुको पोसाकको व्यवस्थालाई निरन्तरता दिइएको छ ।

ग. यस संस्थाका कर्मचारी बजार प्रतिनिधि श्री संगीता सुनुवार र श्री कुमारी कुशुम शाहले राजीनामा दिनुभएकोले निजहरुको राजीनामा स्वीकृत गरिएको छ ।

घ. संस्थामा कार्यरत कर्मचारीहरुको मनोबल उच्च बनाउन समय सापेक्ष सेवा सुविधामा थप गरिएको छ । कर्मचारीहरुको स्वास्थ्य र दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

च. संस्थाको कार्यालय समय बिहान ८:०० देखि अपरान्ह ५:०० बजेसम्म सञ्चालनमा निरन्तरता दिँदै आएको छ ।

## ६. संस्थागत सुशासनः

कुनै पनि संस्थाको दीर्घकालीन विकासको लागि संस्थागत सुशासन अपरिहार्य हुने भएकोले त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगेका छौं । संस्था सञ्चालनमा प्रभावकारिता ल्याउन विभिन्न किसिमका नीति निर्माण गरी त्यसलाई कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिएका छौं ।

क. प्रत्येक महिना कम्तीमा १ पटक अनिवार्य रुपमा सञ्चालक समितिको नियमित बैठक बस्ने गरिएको छ। साथै आवश्यकता अनुसार सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा विभिन्न उप-समितिहरु बीच छलफल गरिने गरिएको छ ।

ख. प्रत्येक नियमित बैठकमा वित्तिय कारोबार लगायत अन्य क्रियाकलापलाई पारदर्शी रुपमा प्रस्तुत गरी अनुमोदन गर्ने गरिएको छ ।

ग. कर्जा लगानी लगायतका महत्वपूर्ण विषयहरुलाई नियमानुसार कार्यान्वयन गर्ने गरिएको छ । वित्तिय संस्थामा ऋण तथा ब्याज असुलीका लागि अत्यन्तै कठिनाई रहेको यस विषम परिस्थितिमा हाम्रो संस्थाको ऋण तथा ब्याज असुलीका लागि अहोरात्र खट्नु हुने संचालक सदस्य एवम् ऋण उप-समितिका संयोजक श्री जितगोविन्द महर्जनज्यू, ऋण उप-समितिका सदस्यज्यूहरु लगायत समयमानै ऋणको साँवा, ब्याज भुक्तानी गर्नुहुने सम्पूर्ण सदस्यज्यूहरुलाई विशेष धन्यवाद दिन चाहान्छु ।

घ. संस्थाबाट प्रदान गरिने कर्जालाई व्यवस्थित एवम् सुरक्षित बनाउन दर्तावाल धितो मूल्याङ्कनकर्ताबाट सम्पत्तिको मूल्याङ्कन गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ । संस्थामा निम्न अनुसारको फर्मलाई मूल्याङ्कनकर्ता नियुक्त गरिएको छ ।

- आर.पि. इन्जिनियरिङ्ग एण्ड कन्सल्टेन्टस् प्रा.लि
- युनाईटेड कन्सल्टिङ्ग इन्जिनियर्स एण्ड विल्डर्स
- आइ टेक इन्जिनियरिङ्ग कन्सल्ट

ङ. संस्थामा आवश्यक पर्ने सामाग्री खरिद प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउने कार्यलाई निरन्तरता दिइएको छ ।

## ७. सहभागिता र प्रतिनिधित्व :

यस सहकारी संस्थाको चौतर्फी विकासमा सकारात्मक प्रभाव पार्न सक्ने विभिन्न विषयहरुलाई प्राथमिकता दिँदै आएका छौं । संस्थाको व्यवसायिकता र ख्याती सँगसँगै अन्य सरोकारवाला निकायहरुसँगको सम्वन्धलाई अझ बढी सुदृढ पारिएको छ । साथै यस संस्थाका पदाधिकारीहरुको विभिन्न कार्यक्रममा सहभागिता रहेको छ ।

क. जिल्ला सहकारी संघ लि., ललितपुरको ३१ औं वार्षिक साधारण सभामा संस्थाका सचिव श्री विमला कार्की भण्डारीज्यूको तथा राष्ट्रिय सहकारी बैंकको १९ औं वार्षिक साधारण सभा तथा बहुउद्देश्यीय सहकारी संघ लि. ललितपुरको ९ औं वार्षिक साधारण सभामा संस्थाका कोषाध्यक्ष श्री अर्जुन चौलागाईंज्यूको सहभागिता रहेको थियो ।

ख. यस संस्थालाई विभिन्न मितिमा अतिथिको र सहभागिताको लागी पत्राचार भएका संघ/संस्थाहरुमा संस्थाका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

## ८. तालीम तथा विभिन्न कार्यक्रमहरू :

क. संस्थामा कार्यरत कर्मचारीहरु संस्थाका आधारस्तम्भ भएकोले कर्मचारीहरुलाई आवश्यकता अनुसार विभिन्न किसिमका क्षमता अभिवृद्धि तालीमहरुमा सहभागी गराउन अत्यन्त आवश्यक हुन्छ र सोही अनुसार सहभागी गर्ने गराउने गरिएको छ । साथै कर्मचारीहरुको क्षमता र दक्षता अभिवृद्धि गर्न सिन्धुली जिल्ला कमलामाई न.पा. -०६ स्थित सिन्धु बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा अवलोकन भ्रमण कार्यक्रममा सहभागी गराईएको थियो ।

ख. संस्थाको शिक्षा उप-समितिका संयोजक श्री नेत्र कुमारी अर्यालज्यूको संयोजकत्वमा मिति २०७९ माघ ०७ गते शनिबारका दिन एक दिने वित्तिय सुशासन प्रशिक्षण तालीम कार्यक्रमको आयोजना गरिएका थियो । उक्त कार्यक्रममा संस्थाका सञ्चालक समितिका पदाधिकारीहरु, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु, उप-समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।

ग. मिति २०७९ माघ २० गते शुक्रबारका दिन यस संस्थाको आयोजनामा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा डिजिटल कारोबार सम्वन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा संस्थाका सञ्चालक समितिका पदाधिकारीहरु, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु, उप समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।

घ. मिति २०७९ चैत्र २० गते ६५औं राष्ट्रिय सहकारी दिवसका दिन ५ वर्ष भन्दा बढी सक्रिय रुपमा कारोबार गरी संस्थाको कारोबार वृद्धि र दीर्घजीवनको अनुभवबाट संस्थाको विविध क्षेत्रको विकासमा पुऱ्याउनु भएको अमूल्य सहयोगको उच्च सम्मान गर्दै ७० वर्ष लागेका ज्येष्ठ सदस्यहरुलाई संस्थाको ज्येष्ठ नागरिक उप-समितिका संयोजक श्री रामशरण दुलालज्यूको संयोजकत्वमा "शेयर सदस्य सम्मान कार्यक्रम" आयोजना गरिएको थियो। कार्यक्रममा संस्थाका शेयर सदस्य महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीहरु, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु, उप-समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।

ङ. संस्थाको महिला उप-समितिका संयोजक श्री कल्पना न्यौपानेज्यूको संयोजकत्वमा मिति २०८० बैशाख १८ गते सोमबारका दिन एक दिने झोल साबुन बनाउने तालीम कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा संस्थाका २७ जना शेयर सदस्य महानुभावहरुको सहभागिता रहेको थियो ।

## ९. अन्तर सहकारी सम्बन्ध र छाता सङ्घहरूमा आवद्धता :

सिद्धान्तः सहकारी सङ्घ संस्थाहरुको गठन नै परस्पर सहयोगको उद्देश्यमा केन्द्रित रहेको हुन्छ । सहकारी सङ्घ/संस्थाहरु एकजुट नहुने हो भने सहकारी अभियान नै धरापमा पर्दछ। सहकारीको छैठौं सिद्धान्त "सहकारी संस्थाहरु बीच सहयोग" अनुसार संस्थाले आफूजस्तै समानान्तर संस्था, जिल्ला, केन्द्रीय तथा प्रदेश सङ्घहरु सँग अन्तर सम्बन्ध स्थापित गरेको छ ।

आफ्नो तहभन्दा माथिल्लो तहका सङ्घहरुसँगको सम्बन्ध तथा सहकार्यले संस्थाको नीतिगत तथा सञ्चालन तहमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। हाम्रो संस्थाको आवद्धता निम्न अनुसार रहेको छ।

१. राष्ट्रिय सहकारी बैंक लि.
२. नेपाल केन्द्रीय बहुउद्देश्यीय सहकारी सङ्घ लि.
३. जिल्ला सहकारी सङ्घ लि., ललितपुर
४. जिल्ला बहुउद्देश्यीय सहकारी सङ्घ लि., ललितपुर

## १०. सामाजिक उत्तरदायित्व :

यस संस्थाले सामाजिक उत्तरदायित्व बहन गर्ने सन्दर्भमा विभिन्न किसिमका सामाजिक कार्यहरु सञ्चालन गर्दै आएको छ ।

क. संस्थाको १७ औं स्थापना दिवसको अवसरमा संस्थाको सामाजिक परिचालन उप-समितिका संयोजक श्री विनोद ओलीज्यूको संयोजकत्वमा मिति २०८० श्रावण १६ गते मंगलबारका दिन संस्थाले हात्तीबन जंगल देखि खरिको बोट मन्दिर सम्म दायाँ-बायाँ वृहत सरसफाई कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा संस्थाका सञ्चालक समितिका पदाधिकारीहरु, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु, सल्लाहकारज्यूहरु, उप-समितिका पदाधिकारीहरु, कर्मचारीहरु र स्थानीय महानुभावहरुको उपस्थिति रहेको थियो ।

ख. संस्थाको स्वास्थ्य हितकोष उप-समितिका संयोजक श्री रवि महतज्यूको संयोजकत्वमा मिति २०८० श्रावण २० गते निःशुल्क नाक, कान, घाँटी परिक्षण तथा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्त संचार सेवा ताहाचल, काठमाडौंको प्राविधिक सहयोगमा "वृहत रक्तदान कार्यक्रम" आयोजना गरिएको थियो । उक्त कार्यक्रममा संस्थाका शेयर सदस्य महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीहरु, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु, उप-समितिका पदाधिकारीहरु, कर्मचारीहरु तथा स्थानीय महानुभावहरुको सहभागिता रहेको

थियो । उक्त कार्यक्रममा करिव १५० जनाले नाक, कान, घाँटी परिक्षण गराई लाभान्वित हुनु भएको थियो भने नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्त संचार सेवा ताहाचल, काठमाडौंको सहकार्यमा आयोजित रक्तदान कार्यक्रममा ६० जना रक्तदाताहरुले रक्तदान गर्नुभएका थियो । उक्त कार्यक्रममा पूर्व स्वास्थ्य राज्यमन्त्री एवम् प्रतिनिधि सभा सदस्य माननीय डा.तोसिमा कार्कीज्यूको प्रमूख आतिथ्यतामा सम्पन्न भएको थियो ।

## ११. टेवा स्वास्थ्य हितकोष बचत

संस्थाका शेयर सदस्यहरु बिरामी भई अस्पतालमा भर्ना भई उपचार गरेमा औषधी उपचार खर्च, दीर्घरोगी सदस्यहरुलाई औषधी उपचार खर्च तथा मुत्यु हुने सदस्यका परिवारलाई दाहसंस्कार खर्च उपलब्ध गराउने गरिएको छ ।

क. यस संस्थाले संचालन गरेको टेवा स्वास्थ्य हितकोष बचत सदस्यको हितको लागि संचालन गरिएको हो । टेवा स्वास्थ्य हितकोष बचतबाट सदस्यहरुलाई औषधी उपचार तथा दीर्घरोग औषधी उपचार रकम एवम् मुत्यु हुने सदस्यका परिवारलाई संस्कार रकम उपलब्ध गराउने नीति अनुसार टेवा स्वास्थ्य हितकोष बचत मार्फत तपशिल बमोजिम भुक्तानी गरियो । साथै संस्थाले सदैव सदस्यको हितमा विभिन्न कार्यक्रमहरु तर्जुमा गरिरहेको हुन्छ । सहकारी संस्थाका मालिक भनेकै सदस्य हुन् । यस संस्थाले संचालन गरेको हितकोष बचत योजनाहरु सदस्यकै हितको लागि संचालन गरिएको कार्यक्रम हो, सो सम्वन्धमा यहाँहरुबाट थप सुझाबको अपेक्षा राखेका छौं ।

### टेवा स्वास्थ्य हितकोष बचतबाट आ.व. २०७९/०८० मा तपसिलमा उल्लेखित सदस्यहरुलाई औषधी उपचार खर्च प्रदान गरिएको छ ।

| क्र.स. | मिति | सदस्यता नं | सदस्यको नाम | रकम |
|---|---|---|---|---|
| १ | २०७९।०५।२० | ४३७ | अमिशा शर्मा | ५,००० |
| २ | २०७९।०५।२० | १०४१ | सान्भी थापा | ३,००० |
| ३ | २०७९।०५।२० | ८६१ | चेतना भुसाल अर्याल | १५,००० |
| ४ | २०७९।०५।२० | ५४ | झलक बहादुर भण्डारी | ५,००० |
| ५ | २०७९।०५।२० | ३२४ | कान्छी थापा | ४०,००० |
| ६ | २०७९।०६।०६ | २४३ | बेली खड्का | ९,५०० |
| ७ | २०७९।०६।०६ | ८८८ | उज्वला महर्जन मानन्धर | १४,००० |
| ८ | २०७९।०६।०६ | ४५४ | मिसरी महर्जन | ८,५०० |
| ९ | २०७९।०६।०६ | ३५८ | सुजना अर्याल दुलाल | १८,५०० |
| १० | २०७९।०६।०६ | ९९० | असोक बाबु के.सी. | १४,५०० |
| ११ | २०७९।०७।०४ | ४५६९ | हरि कुमार रिमाल | ४९,५०० |
| १२ | २०७९।०७।०४ | १८९५ | भिष्म कुमार चुडाल | ५०,००० |
| १३ | २०७९।०७।०४ | ९४५ | जमुना महर्जन | १२,००० |
| १४ | २०७९।०७।०४ | ५०३ | हेमा सोदेम्बा सुब्बा | १४,००० |
| १५ | २०७९।०७।२७ | ४१४ | रेश्मा न्यौपाने | ५०,००० |

| | | | | |
|---|---|---|---|---|
| १६ | २०७९।०७।२७ | २०५ | कल्पना दाहाल | ७,००० |
| १७ | २०७९।०७।२७ | २५ | लब कुमार खड्का | २६,००० |
| १८ | २०७९।०७।२७ | ३१४० | विष्णु बहादुर राउत | ११,००० |
| १९ | २०७९।०७।२७ | २९७१ | राधा गैरे चापागाई | १५,००० |
| २० | २०७९।०९।१२ | ७० | लक्ष्मी प्रसाद उप्रेती | ९,००० |
| २१ | २०७९।०९।१२ | ३०५७ | सानु लामा | ५०,००० |
| २२ | २०७९।०९।१२ | ३९१४ | पलामु लामा | १५,००० |
| २३ | २०७९।०९।१२ | ३४४७ | सरिता कडेल | १३,५०० |
| २४ | २०७९।०९।१२ | २७७६ | जयराम श्रेष्ठ | १०,५०० |
| २५ | २०७९।०९।१२ | १८९२ | गोविन्द प्रसाद उपाध्याय | ५०,००० |
| २६ | २०७९।११।१८ | ११३२ | तारादत्त भट्ट | २४,००० |
| २७ | २०७९।११।१८ | ४२१ | हेम बहादुर महर्जन | ५०,००० |
| २८ | २०७९।११।१८ | २३२७ | प्रमिला घिमिरे | १६,००० |
| २९ | २०७९।१२।२३ | ३७९० | रविन्द्र सिल्वाल | २१,५०० |
| ३० | २०७९।१२।२३ | ७५१ | गोमा खड्का | १२,००० |
| ३१ | २०७९।१२।२३ | ८८७ | रमा कुमारी दाहाल | २९,००० |
| ३२ | २०७९।१२।२३ | २३८२ | अन्जना रजक भण्डारी | ३२,००० |
| ३३ | २०७९।१२।२३ | ७५ | नारायण प्रसाद दुलाल | ४,५०० |
| ३४ | २०८०।०१।३१ | ४९९६ | ज्ञानु महत | ३५,००० |
| ३५ | २०८०।०१।३१ | ८१ | रञ्जना थापा | १३,००० |
| ३६ | २०८०।०२।३२ | १८७५ | जुनी रोक्का | ३८,००० |
| ३७ | २०८०।०२।३२ | ४०८८ | मनिषा भट्टराई भट्ट | ३२,५०० |
| ३८ | २०८०।०३।२९ | १५३५ | कर्ण देसार | ५०,००० |
| ३९ | २०८०।०३।२९ | ३८५७ | जानुका अधिकारी | ३९,५०० |
| ४० | २०८०।०३।२९ | ३२९ | उत्तम रोक्का | १३,००० |
| ४१ | २०८०।०३।२९ | ३५०८ | देवेन्द्र राउत | ६,००० |
| ४२ | २०८०।०३।२९ | १०७२ | सरस्वती थापा | ४०,५०० |
| ४३ | २०८०।०३।२९ | ५३ | कान्छी कमर | १४,५०० |
| ४४ | २०८०।०३।२९ | १६ | शरद कुमार महर्जन | ४१,००० |
| ४५ | २०८०।०३।२९ | १४१९ | निमाई महत | ८,००० |
| ४६ | २०८०।०३।२९ | ११९१ | ईन्दिरा पोखरेल शर्मा | ६,००० |
| | | | **जम्मा** | **१०,४१,५००** |

## टेवा स्वास्थ्य हितकोष बचतबाट आ.व. २०७९/०८० मा तपसिलमा उल्लेखित सदस्यहरुलाई दीर्घरोग औषधी उपचार खर्च प्रदान गरिएको छ ।

| क्र.स. | मिति | सदस्यता नं | सदस्यको नाम | रकम |
|---|---|---|---|---|
| १ | २०७९।११।१८ | ३०१० | मिरा कुमारी कुँवर | १५,००० |
| २ | २०७९।१२।२३ | १५०२ | मुना लामा | १५,००० |
| ३ | २०८०।०१।३१ | ११० | बिनु खड्का | १५,००० |
| | | | जम्मा | ४५,००० |

## टेवा स्वास्थ्य हितकोष बचतबाट आ.व. २०७९/०८० मा तपसिलमा उल्लेखित सदस्यहरूको मृत्यु भएकोले काज-किरिया खर्च प्रदान गरिएको छ ।

| क्र.सं. | मिति | सदस्यता नं | नाम | रकम |
|---|---|---|---|---|
| १ | २०७९।०७।०४ | १८९५ | अनिता ढकाल (स्व.भिष्म कुमार चुडाल) | ५०,००० |
| २ | २०८०।०१।०४ | ४१७ | लहरी माया महर्जन (स्व.श्याम गोपाल महर्जन) | ५०,००० |
| ३ | २०८०।०३।३१ | १८९२ | जयन्ती उपाध्याय (स्व.गोविन्द प्रसाद उपाध्याय) | ५०,००० |
| | | | जम्मा | १,५०,००० |

## १२. बाल विकास हितकोष बचत

यस संस्थाको महिला तथा बालबालिका उप-समितिको सक्रियतामा शेयर सदस्य सुत्केरी हुँदा संस्थाबाट मुख हेराई अन्तर्गत एक थान भोटो सेट, खुत्रुके बाकस, ने.रु. १००।- सहित भेटघाट गरी बधाई ज्ञापन गर्दै उपहार प्रदान गर्ने गरिएको छ। साथै आ.व.२०७९/०८० मा तपशिल बमोजिमको सदस्यहरुलाई सुत्केरी हुँदा सुत्केरी पोषण तथा औषधी उपचार खर्च प्रदान गरिएको छ।

| क्र.सं. | मिति | सदस्यता नं | नाम | रकम |
|---|---|---|---|---|
| १ | २०७९।०४।२९ | २४९८ | रीता आचार्य | १५,००० |
| २ | २०७९।०५।१० | ४३२५ | निर्मला भारती | १५,००० |
| ३ | २०७९।०५।२४ | १६६४ | कुमारी आरती जोशी | १५,००० |
| ४ | २०७९।०९।०८ | ३५८६ | आशा महत | १५,००० |
| ५ | २०७९।११।२३ | ४७६६ | रविना भण्डारी | १५,००० |
| ६ | २०८०।०३।१८ | २२०३ | पार्वती श्रेष्ठ | १५,००० |
| ७ | २०८०।०३।१९ | ३३०३ | मनिषा रोक्का | १५,००० |
| | | | जम्मा | १,०५,००० |

## १३. लेखा सुपरिवेक्षण समितिले दिएको सुझावको कार्यान्वयनको अवस्था :

संस्थाको लेखा सुपरिवेक्षण समितिले प्रत्येक चौमासिक प्रतिवेदन मार्फत संस्थाको उद्देश्य प्राप्ति, प्रगति र उन्नतिको लागि सल्लाह सुझाव दिदैं आउनुभएको र आगामी दिनहरुमा पनि रचनात्मक सल्लाह सुझावको अपेक्षा गर्दछौं । लेखा सुपरिवेक्षण समितिबाट औंलाइएका रचनात्मक सुझावहरु बुदाँगत रुपमा छलफल गरी कार्यान्वयन गर्नुपर्ने विषयलाई तत्कालै कार्यान्वयन गरिदैं लगिएको र तत्काल गर्न नसकिने विषयलाई क्रमिक रुपमा कार्यान्वयन गरिदैं लगिने जानकारी गराउँदछौं । लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुलाई रचनात्मक सुझावको लागि हार्दिक धन्यवाद दिन चाहन्छौं ।

## १४. मोबाईल बैंकिङ्ग तथा (SMS) सुविधा

टेवा स्मार्ट बैंकिङ्ग एप मार्फत यस संस्थाले आफ्ना सदस्यहरुलाई डिजिटल मोबाइल बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको छ। सदस्यहरुले आफ्नो खाताको ब्यालेन्स चेक गर्ने, स्टेटमेन्ट हेर्ने लगायत बिजुली बिल भुक्तानी, खानेपानी बिल भुक्तानी, रिचार्ज गर्ने (Ncell, NTC, CDMA, Smartcell), इन्टरनेटको भुक्तानी, ई-सेवा तथा खल्ती लोड गर्ने, एक सदस्यबाट अर्को सदस्यको खातामा ब्यालेन्स ट्रान्सफर तथा इन्टर बैंक ट्रान्सफर सुविधा सहित अन्य सुविधा युक्त बैंकिङ्ग एप सञ्चालनमा रहेको छ । साथै उक्त सुविधा उपभोग गर्ने सदस्यले वार्षिक १५०।- भुक्तानी गर्नुपर्ने समेत जानकारी गराउँदछु । उक्त मोबाइल बैंकिङ्ग सुविधा Play store तथा App Store बाट डाउनलोड गरी संस्थामा स्मार्ट बैंकिङ्गको फर्म भरी स्मार्ट बैंकिङ्ग एप चलाउन सकिनेछ । उक्त एप चलाउन QR Code स्क्यान गर्नहुन अनुरोध गर्दछु ।

## १५. रेमिट्यान्स (विप्रेषण) सेवाः REMITTANCE SERVICE

यस संस्थाले विभिन्न रेमिट्यान्स कम्पनीको एजेन्सी लिई आफ्ना सदस्य तथा गैर सदस्यहरुलाई रेमिट्यान्स सेवा प्रदान गर्दै आएको छ । सदस्यहरुको सुविधालाई ध्यानमा राखी विप्रेषण सेवाको सुविधा उपलब्ध गराउने उद्देश्यले संसारको जुनसुकै देशहरुबाट पठाएको रकम भुक्तानी लिन सकिने छ तथा नेपाल राज्यभरी रकम पठाउन र भुक्तानी गर्न सकिने छ ।

## १६. सम्पत्ति शुद्धिकरण निवारण ऐनको पालनाः

संस्थाले सम्पत्ति शुद्धिकरण निवारण ऐनमा भएका व्यवस्थाहरुलाई पालना गर्दै लगेको छ । खासगरी संगठित अपराध तथा राजश्व छलीबाट आर्जित सम्पत्तिको व्यवस्थापनमा संस्थालाई प्रयोग गर्न नदिन आवश्यक सावधानीहरु अपनाइएको छ। संस्थाको सदस्यता लिँदा सदस्य पहिचान फाराम (KYM) भर्नुपर्ने ब्यवस्था गरिएको छ । तोकिएको सिमा भन्दा बढीको कारोबारको विवरण वित्तिय जानकारी इकाईमा तोकिए बमोजिम रिपोर्टिङ्ग गर्ने गरिएको छ। सहकारी विभागले जारी गरिएको निर्देशन २०७४ बमोजिम संस्थाले कार्यान्वयन अधिकारीको व्यवस्था गरेका छौं ।

## १७. लेखा परीक्षणः

आ.व. २०७९/०८० को लागि साधारण सभाको निर्णयानुसार वार्षिक लेखा परिक्षण गर्न एस.आचार्य एण्ड एसोसिएटस् चार्टर्ड एकाउण्टेन्टसलाई लेखा परिक्षक नियुक्ति दिईएको हुनाले निजबाट लेखा परिक्षण कार्य सम्पन्न गरिएको कुरा सम्मानित साधारण सभा समक्ष जानकारी गराउँदछु।

## १८. रणनीतिक व्यवसायिक योजनाः

संस्थाको लक्ष्य तथा उद्देश्यहरु पुरा गर्न संस्थाले पञ्चवर्षिय रणनीतिक व्यवसायिक योजना तयार गरिएको छ। उक्त रणनीतिक व्यवसायिक योजनाले संस्थाको कार्यसम्पादन स्तरलाई थप सबल र सक्षम बनाउँदै सदस्य र समुदायको आर्थिक, सामाजिक र साँस्कृतिक जीवनस्तरलाई सुदृढ तुल्याउने लक्ष्य लिएको छ।

## १९. ब्याजदर परिमार्जनः

आ.व. २०७९/०८० मा बैंक तथा वित्तीय संस्थाहरुको ब्याजदर स्थिर रहन सकेन । आर्थिक वर्षको अधिकांश समय तरलता संकुचनको अवस्था रहेकोले वित्तीय बजारमा देखा परेको ब्याजदर उतार चढावका कारण हाम्रो

संस्थाले पनि समय समयमा ब्याजदर परिमार्जन गर्नु परेको छ। संस्थाको विभिन्न प्रकारका बचत र ऋणहरुमा आ.व.२०७९/०८० मा जम्मा गरी ४ पटक ब्याजदर परिमार्जन गरी लागु गरिएको छ।

## २०. सहकारी प्रवर्द्धन कोष

सहकारी ऐन २०७४ को दफा ७० बमोजिम नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी प्रवर्द्धन कोष सचिवालयमा आर्थिक वर्ष २०७८/०७९ को लेखा परिक्षण प्रतिवेदन अनुसार सहकारी प्रवर्द्धन कोष बापत दाखिला गर्नु पर्ने रकम रु. ५,४४,०३९।७१ (पाँच लाख चौवालीस हजार उनान्चालिस रुपैयाँ एकहत्तर पैसा) तोकिएको खातामा जम्मा गरी सहकारी प्रवर्द्धन कोष सचिवालय, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरवार, काठमाण्डौंमा जानकारी गराइएको छ।

## २१. सूचनाको व्यवस्था :

संस्थाले आफ्नो शेयर सदस्यहरुसँग सूचना आदान प्रदान गर्ने कार्यलाई उच्च प्राथमिकता दिएको छ। वार्षिक साधारण सभामा शेयर सदस्य महानुभावहरुसँगको प्रत्यक्ष संवादको माध्यमबाट मार्ग निर्देशन प्राप्त गर्ने गरेको छ। संस्थाको वार्षिक प्रतिवेदन, सहकारी विभागबाट जारी निर्देशन बमोजिम वित्तिय तथा अन्य विवरणहरु एवम् विभिन्न जानकारीहरु सामाजिक सञ्जाल, संस्थाको सूचनापाटी एवम् संस्थाको वेव साइट https://tewampc.com.np मार्फत उपलब्ध गराउने गरिएको छ।

## २२. नीति तथा कार्यविधि सम्बन्धमा

संस्थाको निम्न अनुसार नीति तथा कार्यविधि संशोधन गरी यस गरीमामय साधारण सभा समक्ष पेश गरेका छौं। तपसिल अनुसारका नीति तथा कार्यविधिहरुलाई अध्ययन गरी सुझाव सहित पारित गरिदिनुहुन अनुरोध गर्दछौं।

| क्र.स. | विवरण |
|---|---|
| १. | टेवा स्वास्थ्य हितकोष सञ्चालन कार्यविधि -२०८० (संशोधन) |
| २ | ज्येष्ठ नागरिक हितकोष सञ्चालन कार्यविधि -२०८०(संशोधन) |

## आदरणीय शेयर सदस्य महानुभावहरू,

संस्थाले आर्थिक वर्ष ०७९।०८० मा निम्नानुसारको लक्ष्य लिएका थियौं। संस्थाले राखेका लक्ष्यहरु र तिनमा भएका प्रगति र कार्यान्वयनका अवस्था विस्तृत तपशिलमा उल्लेख गरिएकोछ।

| क्र.स. | नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था |
|---|---|---|
| १. | शेयर सदस्यता तथा शेयर नीति | सदस्यता ५.०४ प्रतिशतले वृद्धि भएको र शेयर रकम १३.५८ प्रतिशतले वृद्धि भएको जानकारी गराउँदछु। |
| २. | बचत/निक्षेप नीति | आर्थिक मन्दी र वित्तिय बजारमा देखिएको तरलता संकटका कारण कूल बचत/निक्षेपमा १९.२७ प्रतिशतले कमी भएको जानकारी गराउँदछु। साथै बचतमा समय सापेक्ष प्रतिस्पर्धात्मक ब्याजदर कायम गरिएको जानकारी गराउँदछु। |

| | | |
|---|---|---|
| ३. | ऋण लगानी तथा असुली नीति | ऋण लगानीमा १.९० प्रतिशतले कमी भएको । कर्जा लगानी प्रक्रियालाई छिटो र छरीतो बनाउदै ऋणको सीमा प्रति एक सदस्य रु. तीन करोड पचास लाख पुऱ्याइएको छ । समय सापेक्ष ऋणको ब्याजदर परिवर्तन भएको छ । भाखा नाघेको कुल ऋणको ०.३५ प्रतिशत रहेका छ । |
| ४. | आम्दानी नीति | आ.व. २०७९/०८० मा रु. २०,७८,०७,०१६।७३ (बीस करोड अठहत्तर लाख सात हजार सोह्र रुपैयाँ त्रिहत्तर पैसा मात्र) कूल आम्दानी रह्यो । |
| ५. | खर्च नीति | आ.व. २०७९/०८० मा विभिन्न शिर्षकहरुमा खर्च रु. ११,२९,८६,५७५।५७ (एघार करोड उनान्तीस लाख छयासी हजार पाँच सय पचहत्तर रुपैयाँ सन्ताउन्न पैसा मात्र) रह्यो । |
| ६. | सूचना प्रविधि नीति | समयानुसार कर्मचारी तथा संस्थाका पदाधिकारीहरुलाई तालीमको व्यवस्था गरी सूचना प्रविधि अधिकतम प्रयोगमा ल्याएको जानकारी गराउँदछु । सदस्यहरुलाई सामाजिक सञ्जाल,वेवसाइट मार्फत जानकारी गर्ने गराईएको छ । |
| ७. | वेबसाइट, विद्युतीय कारोबार, विद्युतीय सुरक्षा तथा प्रवर्द्धनात्मक नीति | आवश्यकता अनुसार वेबसाइट अद्यावधिक गर्ने कार्य भई रहेको तथा संस्थाको पहिचान हुने गरी भित्तेपात्रो प्रकाशन गरी वितरण गरिएको जानकारी गराउँदछु। मोबाइल बैंकिङ्ग प्रयोगमा ल्याईएको छ । |
| ८. | शिक्षा, तालीम, क्षमता अभिवृद्धि तथा सचेतना नीति | मिति २०७९ माघ ०७ गते शनिबारका दिन एक दिने वित्तिय सुशासन प्रशिक्षण तालीम कार्यक्रम तथा मिति २०८० बैशाख १८ गते एक दिने झोल साबुन बनाउने तालीम आयोजना गरिएको जानकारी गराउँदछु । |
| ९. | सामाजिक कार्य नीति | सरसफाई तथा स्वास्थ्य शिविर संचालन गरिएको जानकारी गराउँदछु । |
| १०. | सम्मान नीति | संस्थाले १५ औं वार्षिक साधारण सभामा संस्थाका शेयर सदस्य मध्ये उत्कृष्ट बचतकर्ता, उत्कृष्ट ऋणी तथा कर्मचारीलाई सम्मान तथा मिति २०७९ चैत्र २० गते ज्येष्ठ शेयर सदस्य सम्मान कार्यक्रम आयोजना गरिएको जानकारी गराउँदछु । |
| ११. | रेमिट्यान्स कारोबार नीति | रेमिट्यान्स सेवालाई व्यवस्थित तवरका साथ संचालन गरिएको जानकारी गराउँदछु । |
| १२ | संस्थाको विनियम र आन्तरिक नीति, कार्यविधि तथा विनियमावली संशोधन नीति | संस्थाले १५ औं वार्षिक साधारण सभामा पेश गरिएको विनियम मिति २०७९।०८।२० गते संशोधन भएको जानकारी गराउँदछु । |

| | | |
|---|---|---|
| १३. | ज्येष्ठ सदस्य नीति | संस्थाको नीति अनुसार ज्येष्ठ शेयर सदस्यहरुलाई औषधी उपचार खर्च बापत रु १५,०००/(पन्ध्र हजार रुपैयाँ) उपलब्ध गराइएको जानकारी गराउँदछु । |
| १४. | स्वास्थ्य नीति | टेवा स्वास्थ्य हितकोष बचत कार्यक्रम संचालन गरी सोही कोष मार्फत शेयर सदस्यहरुलाई वार्षिक औषधी उपचार खर्च, संस्कार खर्च तथा दीर्घरोग औषधी उपचार खर्च बापत रकम उपलब्ध गराएको जानकारी गराउँदछु । यस अवधिमा औषधी उपचार खर्च बापत ४६ जना लाई जम्मा रु. १०,४१,५००/, दीर्घरोग औषधी उपचार खर्च बापत ३ जनालाई जम्मा रु.४५,०००/ तथा मृत्यु भएका शेयर सदस्यका परिवारलाई जम्मा रु. १५०,०००/ प्रदान गरिएको थियो । |
| १५. | बाल विकास नीति | मुख हेराई अन्तर्गत जन्मदिनको अवसरमा केक उपहार दिने कार्यक्रमलाई निरन्तरता दिई राखेको तथा टेवा बाल विकास हितकोष बचत बाट सुत्केरी पोषण तथा औषधी उपचार खर्च बापत ७ जनालाई रु. १५,००० (पन्ध्र हजार) का दरले रकम उपलब्ध गराइएको जानकारी गराउँदछु । |
| १६. | अन्तर सहकारी नीति | आवश्यकता अनुसार संघ संस्थामा समन्वय गरी सहकारी सेवाको लागि समन्वय र सहकार्यलाई निरन्तरता दिएको जानकारी गराउँदछु । |
| १७. | रणनैतिक योजनाहरु नीति | संस्थाले आ.व. २०७९/०८० देखी २०८३/०८४ सम्मको लागि पञ्चवर्षिय योजना तयार गरिएको जानकारी गराउँदछु । |
| १८. | शेयर सदस्यज्यूहरुको सेवा सुविधा नीति | सदस्यहरुलाई नियमित मासिक बचत गर्न तथा आर्थिक कारोबारमा सहभागी हुन प्रोत्साहन गरिएको जानकारी गराउँदछु । |
| १९. | बाह्य ऋण तथा अनुदान लिने नीति | आवश्यकता अनुसार पर्ल्स वित्तिय प्रणालीको नीतिभित्र रहि बाह्य ऋण लिएको जानकारी गराउँदछु । |
| २०. | सम्पत्ति खरीद नीति | आवश्यकता अनुसार सम्पत्ति खरीद तथा चल-अचल सम्पत्ति मर्मत गरिएको जानकारी गराउँदछु । |
| २१. | बिमा नीति | चल अचल सम्पत्ति, कमर्चारीहरुको स्वास्थ्य तथा मार्गस्थ नगद बिमालाई निरन्तरता दिँदै आएको जानकारी गराउँदछु । |
| २२. | कर्मचारी तर्फको नीति | आवश्यकता अनुसार कर्मचारीहरुको क्षमता अभिवृद्धि तालीममा सहभागी तथा अध्ययन, अवलोकन तथा भ्रमण कार्यक्रममा सहभागी गराईएको तथा समय सापेक्ष सेवा सुविधा उपलब्ध गराईएको जानकारी गराउँदछु । |
| २३. | सम्पत्ति शुद्धिकरण ऐन कार्यान्वयन | सदस्य पहिचान फाराम अद्यावधिक तथा सम्पत्ति शुद्धिकरण ऐन कार्यान्वयनमा ल्याइएको जानकारी गराउँदछु । |

## आदरणीय शेयर सदस्य महानुभावहरू,

सहकारीको विश्वव्यापी सिद्धान्त र मूल्यमान्यता, नेपाल सरकारको नीति निर्देशन, सहकारी अभियानको मार्गदर्शन र संस्थाको विनियमलाई आत्मसात गर्दै विगतका सफलता र सदस्यहरुबाट प्राप्त सुझावहरुलाई समेट्दै यस वर्षको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरेका छौं ।

अब म, संस्थाले आर्थिक वर्ष २०८०।०८१ का लागि अवलम्बन गर्ने नीति तथा कार्यक्रमहरुलाई बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### १. शेयर सदस्यता तथा शेयर नीति

- आर्थिक वर्षको अन्त्यसम्म सदस्य संख्यामा ३४.३२ प्रतिशतले वृद्धि गरिनुका साथै शेयर रकम १०.८२ प्रतिशतले वृद्धि गरिनेछ । रु. एक लाख भन्दा कम शेयर भएका सदस्यहरुलाई शेयर वृद्धि गर्न विशेष प्रोत्साहन गरिनेछ ।

### २. बचत/निक्षेप नीति

- कुल बचत/निक्षेपमा ३०.१० प्रतिशतले वृद्धि गर्ने नीति लिईनेछ ।
- सदस्यहरुलाई लक्षित गरी नयाँ-नयाँ बचत योजनाहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । नारी बचत/बाल बचत/नियमित बचत जस्ता शिर्षकहरुमा बचत संकलन गरी बचत वृद्धि गर्न विशेष जोड दिईनेछ ।
- समय सापेक्ष प्रतिस्पर्धात्मक ब्याजदर कायम गरिनेछ, बचत तथा ऋणको अन्तर दरमा विशेष ध्यान दिईनेछ ।
- नियमित रुपमा खुत्रुके बचत खातामा बचत गर्ने बाल बचतकर्ताहरुलाई जन्मदिनको अवसरमा केक उपहार दिईने कार्यलाई निरन्तरता दिइनेछ ।

### ३. ऋण लगानी तथा असुली नीति

- कुल ऋण लगानीमा २८ प्रतिशतले वृद्धि गर्ने नीति लिईनेछ ।
- दीर्घकालीन कर्जाहरुलाई प्राथमिकतामा राखी कर्जा लगानी गरिनेछ ।
- ऋणका नयाँ क्षेत्रहरु पहिचान गरी सुरक्षित कर्जा लगानी योजनालाई निरन्तरता दिईनेछ ।
- कर्जा लगानी प्रकृया छिटो छरितो बनाउदै, ऋणको सीमा बढाउँदै जाने योजनालाई निरन्तरता दिईनेछ। प्रकृया पुरा गरी आएको ऋणलाई २४ घण्टाभित्रमा प्रवाह गरिनेछ ।
- ऋणमा समय सापेक्ष प्रतिस्पर्धात्मक ब्याजदर कायम गरी विभिन्न कर्जा शिर्षकहरुमा कर्जा प्रवाह गरिनेछ ।
- भाखा नाघेको ऋणलाई ५ प्रतिशत भन्दा कम कायम गर्ने र उत्पादनमुलक क्षेत्रको ऋण लगानीमा प्राथमिकता दिईनेछ । भाखा नाघेका ऋणी सदस्यहरुलाई विभिन्न माध्यमबाट असुलीको लागि पर्याप्त समय प्रदान गरिनेछ, संस्थाले दिएको समय बेवास्ता गर्ने सदस्यहरुलाई कानुनी दायरामा ल्याई ऋण असुली गरिनेछ ।
- असल ऋणी सदस्यहरुलाई सहुलियत तथा सम्मान दिने कार्यलाई निरन्तरता दिईनेछ ।

### ४. आम्दानी नीति

- आ.व. २०८०/०८१ मा कुल आम्दानी रु. २६,०५,४९,१२८।२८ (छब्बिस करोड पाँच लाख उनान्चास हजार एक सय अट्ठाइस रुपैयाँ अट्ठाइस पैसा मात्र) पुऱ्याउने लक्ष्य लिइएको छ ।

५. **खर्च नीति**

- नियमित र अत्यावश्यक खर्च बाहेक अन्य खर्चको शिर्षकमा मितव्ययिता अपनाईनेछ । आ.व. २०८०/०८१ मा कुल खर्च रु. १३,३४,०३,८८०।७० (अक्षरेपी तेह्र करोड चौतीस लाख तीन हजार आठ सय असी रुपैयाँ सत्तरी पैसा मात्र ।) मा सीमित राख्ने लक्ष्य लिइएको छ ।

६. **सूचना प्रविधि नीति**

- प्रविधिको उच्चतम प्रयोग गर्न संस्थाले विभिन्न एप्लिकेशन सफ्टवेयरहरुको जानकारी गराउन शिक्षा तथा तालीमको व्यवस्था मिलाइने छ ।
- संस्थाले प्रवाह गर्ने सेवा सुविधाहरुको बारेमा विभिन्न माध्यमबाट सुचित गरिनेछ । शेयर सदस्य महानुभावहरुको सेवालाई मध्यनजर गरी संस्थालाई आधुनिकीकरण गर्न Smart Tewa को अवधारणा अनुसार मोवाइल बैकिङ्ग सेवालाई थप व्यवस्थित बनाइनेछ । साथै आगामी दिनमा डिजिटलाइजेशन सम्बन्धी रणनीति बनाएर प्रभावकारी डिजिटल सेवा प्रदान गरिने छ ।
- संस्थाबारे जानकारी दिन सामाजिक सञ्जालको प्रयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

७. **वेबसाइट, विद्युतीय कारोबार, विद्युतीय सुरक्षा तथा प्रवर्द्धनात्मक नीति**

- संस्थाको वेबसाइट अद्यावधिक गर्ने कार्य निरन्तरता गरिनेछ ।
- संस्थासँगको कारोबारको विवरणहरु सदस्यहरुलाई विद्युतीय माध्यमबाट सहज रुपमा प्रदान गरिनेछ । कारोबारको गोपनीयता र सुरक्षाका लागि थप व्यवस्था गरिनेछ ।
- संस्थाको पहिचान हुने भित्तेपात्रो र टेबल क्यालेण्डर प्रकाशन गरी शेयर सदस्यज्यूहरु, स्थानीय तथा सरोकारवाला निकायहरुमा वितरण कार्यलाई निरन्तरता दिईनेछ ।
- संस्थाको ख्याती वृद्धिका लागि संस्थाको नाम तथा लोगो अंकित क्याप, टिसर्ट आदि सामाग्री छपाई गरी शेयर सदस्य तथा कर्मचारीहरुलाई वितरण गर्ने योजना लिईएको छ ।

८. **शिक्षा, तालीम, क्षमता अभिवृद्धि तथा सचेतना नीति**

- संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति अन्य उप-समिति लगायत कार्यरत कर्मचारीहरुलाई समय सापेक्ष क्षमता अभिवृद्धि तथा सहकारी शिक्षा तथा तालीमहरुको आयोजना गरी सहभागी गराई सहकारी शिक्षामा जोड दिईनेछ ।
- सचेतनामूलक कार्यक्रमहरुको आयोजना गरिनेछ ।
- महिला सदस्यहरूलाई उद्यमी बनाउन र विभिन्न सीपमूलक तालीम दिई विभिन्न व्यवसायमा संलग्न गराउन संस्थाले महिला उप-समितिलाई विशेष सुविधा तथा बजेट उपलब्ध गराउने नीतिलाई निरन्तरता दिने नीति रहेको छ ।
- बाल बालिकाको वृत्ति विकासको लागि तालीम तथा अन्तरकृया कार्यक्रमको आयोजना गरिनेछ ।
- नेपालका उत्कृष्ट सहकारीहरुको गतिविधि तथा क्रियाकलापहरुको अध्ययन, अवलोकनको कार्यक्रमलाई निरन्तरता दिने योजना बनाईएको छ ।
- स्वास्थ्य, पोषण तथा जीवनशैली विकास जस्ता सदस्यहरुको क्षमता तथा नेतृत्व विकास सम्वन्धी कार्यक्रमहरुलाई आगामी दिनमा निरन्तरता दिईनेछ ।
- सहकारीको युवा शेयर सदस्यहरुलाई लक्षित गर्दै सहकारीको महत्व तथा चेतनामूलक कार्यक्रमको आयोजना गरिनेछ ।

## ९. सामाजिक कार्य नीति

- जनचेतनामूलक वृहत सरसफाई तथा वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- सदस्यहरुलाई लक्षित गरी कम्तीमा एक स्वास्थ्य शिविर र एक रक्तदान कार्यक्रम सञ्चालन गरिनेछ । साथै विभिन्न सामाजिक कार्यहरुलाई व्यवस्थित ढंगले कार्यान्वयन गर्ने नीति लिएका छौं ।

## १०. सम्मान नीति

- संस्थाका शेयर सदस्य, ज्येष्ठ शेयर सदस्य तथा अन्य विशिष्ट व्यक्तिहरुको सम्मान कार्यक्रमको आयोजना गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- संस्थाले विविध विधामा संस्थामा बचत तथा ऋण कारोबार गर्ने, शेयर सदस्यहरुलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- संस्थाका सम्पूर्ण गतिविधिलाई समेटिएर तयार पारिएको वार्षिक प्रतिवेदन अध्ययन गरी उत्कृष्ट सुझाव दिने सदस्यहरूलाई हरेक वर्षको साधारण सभामा प्राप्त सुझावका आधारमा पुरस्कार उपलब्ध गराईने छ ।
- संस्थाले दिएको जिम्मेवारी निष्ठाका साथ कार्यान्वयन गर्ने कर्मचारीहरुलाई सम्मान तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- यस संस्थाबाट प्रदान गरिएको सीपमूलक तथा आयमूलक तालीममा सहभागी भई व्यवसाय संचालन गर्नुहुने सदस्य महानुभावहरुलाई सम्मान गरिनेछ ।

## ११. रेमिट्यान्स कारोबार नीति

- संस्थाबाट प्रदान गरिने रेमिट्यान्स सेवालाई थप प्रभावकारी र विस्तार गरिनेछ । नियमित रुपमा रेमिट्यान्सको कारोबारमा सहभागी सेवाग्राहीहरु मध्ये छनौट गरी पुरस्कृत गरिनेछ ।

## १२ संस्थाको विनियम र आन्तरिक नीति,कार्यविधि तथा विनियमावली संशोधन नीति

- सहकारी ऐन र सहकारी नियमावली अनुसार संस्थाको विनियम आन्तरिक नीति, नियम, कार्यविधि, निर्देशिकाहरु निर्माण तथा संशोधन गरिने छ ।

## १३. ज्येष्ठ सदस्य नीति

- ज्येष्ठ शेयर सदस्यहरुलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ । संस्थाको शेयर सदस्यता लिई ५ वर्ष पुरा भएका, ६९ वर्ष उमेर पुरा गरी ७० वर्ष लागेका ज्येष्ठ नागरिक सदस्यहरुलाई औषधी तथा उपचार खर्च बापत वार्षिक रु १५,०००/ (अक्षरेपी रु. पन्ध्र हजार रुपैयाँ) दिईने कार्यलाई निरन्तरता दिईएको छ ।
- शेयर सदस्यहरुसँग ज्येष्ठ नागरिक कोष बचतमा दैनिक तीन रुपैयाँ प्रतिदिनका दरले दान स्वरुप लिइने कार्यलाई निरन्तरता दिईएको छ ।
- ज्येष्ठ नागरिक हितकोष बचत सम्वन्धी अन्य व्यवस्था :

  ज्येष्ठ नागरिक हितकोष बचतमा २० वर्ष सम्म योगदान गर्नुपर्नेछ तत्पश्चात कोषमा वार्षिक रुपमा योगदान गर्नुपर्ने छैन भने उक्त बचतकोष बाट जीवनभर सुविधा उपलब्ध गराइनेछ । ज्येष्ठ नागरिक हितकोष बचतमा यस टेवा बहुउद्देश्यीय सहकारी संस्थाका सदस्यहरुले स्वैच्छिक रुपमा सदस्यता लिन सक्नेछन । यस सम्वन्धी अन्य व्यवस्था ज्येष्ठ नागरिक हितकोष बचतको कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

१४. **स्वास्थ्य नीति**

- यस संस्थाका शेयर सदस्यज्यूहरुलाई नेपाल सरकारले किटान गरेको दीर्घ रोग मध्ये निम्न अनुसारको रोग भएमा एक पटक रु. १५,०००/ (अक्षरेपी रु. पन्ध्र हजार रुपैयाँ) रकम उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईएको छ । उक्त सुविधा लिन संस्थाको शेयर सदस्य रही स्वास्थ्य हितकोष बचतमा योगदान गरेको कम्तीमा पाँच वर्ष पुरा भएको हुनुपर्नेछ । संस्थाले उपलब्ध गराउने रकम स्वास्थ्य हितकोष मार्फत उपलब्ध गराईनेछ ।

  क. मुटु रोग - (खुल्ला मुटु शल्यक्रिया तथा मुटु भल्व प्रतिस्थापन वा मर्मत गर्नु परेको अवस्थामा ।

  ख. मृगौला (किड्नी) रोग - किड्नी प्रतिस्थापन र अन्तिम अवस्थाको किड्नी निस्क्रियता),

  ग. क्यान्सर (सबै प्रकृतिको क्यान्सर)

  घ. पक्षाघात (सबै प्रकृतिको पक्षाघात)

- यस संस्थाका शेयर सदस्य बिरामी हुँदा औषधी उपचार खर्च बापत तथा शेयर सदस्यको मृत्यु भएमा संस्कार खर्च बापत बढीमा रु ५०,०००।- उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईएको छ ।
- शेयर सदस्यको परिवारको मृत्यु भएमा रु. १०,५००।- (अक्षरेपी रु. दश हजार पाँच सय रुपैयाँ) उपलब्ध गराईने छ। उक्त सुविधा एकै परिवार भित्रका एक वा बढी सदस्य भएता पनि एकै सदस्य मानी दोहोरो सुविधा उपलब्ध नगराईने नीति रहेको छ ।

***(नोटः परिवार भन्नाले सदस्यको पति-पत्नी, छोरा-बुहारी, अविवाहिता छोरी तथा बुवा-आमा लाई सम्झनु पर्छ ।)***

- टेवा स्वास्थ्य हितकोष बचतमा दान स्वरुप शेयर सदस्यहरु सँग दैनिक छ रुपैयाँ प्रति दिनका दरले लिइने कार्यलाई निरन्तरता दिईएको छ ।
- **स्वास्थ्य हितकोष बचत सम्वन्धी अन्य व्यवस्था :**
  - स्वास्थ्य हितकोष बचतमा २० वर्ष सम्म योगदान गर्नुपर्नेछ तत्पश्चात कोषमा वार्षिक रुपमा योगदान गर्नुपर्ने छैन भने उक्त बचतकोष बाट भने जीवनभर सुविधा उपलब्ध गराइनेछ ।
  - स्वास्थ्य हितकोष बचतमा यस टेवा बहुउद्देश्यीय सहकारी संस्थाका सदस्यहरुले स्वैच्छिक रुपमा सदस्यता लिन सकिनेछ ।
- यस सम्वन्धी अन्य व्यवस्था स्वास्थ्य हितकोष बचतको कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।
- टेवा स्वास्थ्य हितकोष बचतमा सदस्यहरुलाई सेवा दिंदा निम्न अनुसारका कुरालाई आधार मानिनेछ ।

  १. बेड खर्च : एक हजार पाँच सयका दरले बढीमा ५ दिन सम्मको ।

  २. डाक्टर फि, औषधी खर्च, ल्याव खर्च, अप्रेशन खर्च तथा अन्य खर्चहरुमा : २० प्रतिशत ।

१५. **बाल विकास नीति**

- यस संस्थाका महिला शेयर सदस्य सुत्केरी भएको अवस्थामा दुई सन्तानसम्म संस्थाले उपलब्ध गराउँदै आएको सुत्केरी पोषण तथा औषधी उपचार खर्च बापत रु. १५,०००/(अक्षरेपी रु. पन्ध्र हजार मात्र) दिईने कार्यलाई निरन्तरता दिईनेछ । साथै मुख हेराई अन्तर्गत बच्चाको मुख हेरी संस्थाको तर्फबाट १ थान भोटो, १ थान खुत्रुके तथा एक सय रुपैयाँ उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।
- शेयर सदस्यहरु सँग बाल विकास हितकोष बचतमा दैनिक एक रुपैयाँ प्रतिदिनका दरले दान लिँदै आएकोमा आगामी आ.व. देखि बाल बचत हितकोषलाई टेवा स्वास्थ्य हितकोषमा समायोजन गरी टेवा स्वास्थ्य हितकोष बचत मार्फत सेवा प्रदान गरिनेछ ।

१६. **अन्तर सहकारी नीति**

- राष्ट्रिय सहकारी महासङ्घ, राष्ट्रिय सहकारी बैंक, प्रदेश सहकारी सङ्घ र जिल्ला सहकारी सङ्घ लगायत सरोकारवाला निकायहरुसँग थप सम्पर्क र समन्वय गरी सहकारी सेवाको लागि समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ ।
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सहकारी दिवसका साथै अन्य सहकारी अन्तरकृया तथा छलफल कार्यक्रमहरुमा सकृय सहभागिता जनाइने छ ।

१७. **रणनैतिक योजना नीति**

- संस्थाले तयार गरेको पञ्चवर्षिय रणनैतिक व्यवसायिक योजनालाई आवश्यकता अनुसार संशोधन गरिनेछ ।

१८. **शेयर सदस्यज्यूहरुको सेवा सुविधा नीति**

- यस संस्थाको सदस्यता लिई नियमित तोकिएको मासिक बचत नगर्ने, अन्य कुनै पनि आर्थिक कारोबारमा सहभागी नहुने, संस्थाले संचालन गरेको स्वास्थ्य हितकोष बचत र ज्येष्ठ नागरिक कोष बचतमा योगदान नगर्ने शेयर सदस्यहरुलाई नियमित योगदान र आर्थिक कारोबारमा सहभागी हुन प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिईएको छ ।
- सदस्यहरुको बिजुली, इन्टरनेट एवम् धाराको बिल भुक्तानी सेवालाई निरन्तरता दिईएको छ ।

१९. **बाह्य ऋृण तथा अनुदान लिने नीति**

- संस्थाको आवश्यकता बमोजिम पर्ल्स वित्तिय प्रणाली तथा सहकारी ऐनले निर्देशित गरेको नीतिभित्र रहि बाह्य ऋृण तथा अनुदान लिईनेछ ।

२०. **सम्पत्ति खरिद नीति**

- संस्थाको दैनिक प्रशासनिक कार्यहरु सुचारु ढंगले सञ्चालन गर्नका लागि संस्थाको आवश्यकतानुसार पूँजीगत खर्चको रुपमा सम्पत्ति खरिद, मर्मत एवं अनावश्यक तथा पत्रु भएमा बिक्रि गर्ने नीति लिईनेछ ।

२१. **बिमा नीति**

- संस्थाको चल अचल सम्पत्तिको बिमा, कर्मचारीहरुको स्वास्थ्य बिमा र मार्गस्थ नगद बिमालाई निरन्तरता दिइने छ ।

२२. **कर्मचारी तर्फको नीति**

- कर्मचारीहरुको समय सापेक्ष क्षमता अभिवृद्धिका लागि तालीमहरुको आयोजना एवं सहभागी गराइने छ ।
- संस्थाको वित्तिय अवस्थालाई मध्यनजर गरी कर्मचारीहरुको सेवा सुविधामा वृद्धि गर्ने योजना रहेको छ ।
- कर्मचारीहरुका लागि सहकारी अध्ययन, अवलोकन तथा भ्रमणको आयोजना गरिनेछ ।
- आवश्यकता अनुसार कर्मचारी थप गरी सदस्यहरुको सेवा सुविधा वृद्धि गरिनेछ ।
- कार्यरत कर्मचारीहरुको मूल्याङ्कन गरी सोही अनुसारको जिम्मेवारी तथा पदोन्नती गरिनेछ ।
- कर्मचारी क्षमता विकास तालीमको लागि सहकारी शिक्षा कोषको रकम खर्च गरिनेछ ।
- कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप आ.व. २०७९।८० को आधारभूत तलबको २ महिना बराबरको रकम बोनस दिईनेछ ।

**२३. सम्पत्ति शुद्धिकरण ऐन कार्यान्वयन :**

यस संस्थाले सम्पत्ति शुद्धिकरण ऐनको पूर्ण पालना गर्दै सम्पर्क व्यक्ति, KYM Update र नियमित प्रतिवेदन पठाउने कार्यको निरन्तरता दिइने छ । साथै सदस्यहरुको विवरण अद्यावधिक गर्न सदस्य पहिचान फाराम भर्ने, सदस्य जोखिम वर्गिकरण गर्ने कार्य निरन्तर भईरहेको र निरन्तरता दिने नीति लिइनेछ । साथै यस सहकारी संस्थामा आवद्ध शेयर सदस्यहरुको विवरण अद्यावधिक गर्ने कार्य भईरहेको हुँदा र स्थानिय निकायहरुको पुर्नसंरचनाका कारण सदस्य महानुभावहरुको ठेगाना परिवर्तन भएको कारणले सदस्य महानुभावहरुले आफ्नो नागरिकताको प्रतिलिपि, फोटो सहित आफ्नो विवरण अद्यावधिक गराईदिनु हुन अनुरोध गर्दछु ।

**२४. लाभांश तथा संरक्षित पूँजी फिर्ता कोष :**

- आ.व.२०७९।८० मा संस्थाले रु.८,५५,१२,९३१।२७ खुद नाफा गरेको छ । जस मध्ये विभिन्न कोषहरुमा बाँडफाँड गरी कूल चुक्ता शेयर पूँजीको १२.३७% का दरले Dividend on Share capital वितरण गर्ने प्रस्ताव का साथै कारोबारको आधारमा संरक्षित पूँजी फिर्ता कोष मार्फत रकम प्रदान गर्ने प्रस्ताव यस साधारण सभामा पेश गरेका छौं ।
- सदस्यहरुलाई आगामी वर्ष शेयरमा सहकारी ऐनले निर्धारण गरेका लाभांस वितरण गर्ने लक्ष्य राखिएको छ ।

**२५. सदस्यहरुको गुनासो न्यूनीकरण नीति :**

- यस संस्थाले सदस्यहरुलाई गुणस्तरीय सेवा प्रदान गर्ने सोचका साथ अघि बढिरहेको छ । यसको लागि सदस्यहरुको आवश्यकताका बारेमा जानकारी लिन सदस्य सन्तुष्टी पहिचान सर्वेक्षण फाराम तयार गरिएको छ । उक्त फाराम भरिदिनु हुन समेत अनुरोध गर्दछु ।

**२६. तरलता व्यवस्थापन नीतिः**

- संस्थालाई व्यवस्थित ढंगले सञ्चालन तथा सदस्यलाई आवश्यक परेको बेलामा बचत रकम भुक्तानी गर्न सहज हुने तरिकाले संस्थाको तरलता निर्धारण गरी सोही अनुसार कायम राखिने छ ।
- आ.व. २०८०/८१ भर संस्थाले कुल बचतको कम्तीमा २० प्रतिशत तरलता कायम गर्ने नीति लिईने छ ।

२७. **दोहोरो सदस्यता नीति सम्बन्धमा**

- सहकारी ऐनमा कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एक भन्दा बढी संस्थाको सदस्य हुन नपाउने व्यवस्था रहेको हुँदा एक संस्थाको सदस्यता कायम राख्नु पर्ने भएकोले, कसैले एक प्रकृतिका एक भन्दा बढी सहकारी संस्थाको सदस्यता लिनु भए हाम्रो टेवा बहुउद्देश्यीय सहकारी संस्थाको मात्र सदस्यता कायम राखी अन्य सहकारी संस्थाको सदस्य अन्त्य गर्नुहुन अनुरोध गर्दछौं ।

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

आजको यस सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रगति प्रतिवेदन एवम् वार्षिक नीति तथा कार्यक्रम, कोषाध्यक्षको आर्थिक प्रगती प्रतिवेदन तथा प्रस्तावित बजेट , लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन र स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा/नोक्सान हिसाब (अनुसूचिहरू समेत) नगद प्रवाह विवरण र अन्य लिखित विवरणहरू एवम् समितिको तर्फबाट राखिएका प्रस्तावहरू छलफल तथा अनुमोदनका लागि शेयर सदस्यहरूमा हार्दिक अनुरोध गर्दछु ।

**अन्त्यमा,**

आफ्नो अमूल्य समय दिएर यस साधारण सभाको शोभा बढाउनको लागि उपस्थित प्रमुख अतिथिज्यू, शेयर सदस्य महानुभावहरु, सञ्चालक समितिका साथीहरु, लेखा सुपरिवेक्षण समितिका साथीहरु, सल्लाहकार महानुभावहरु, विभिन्न उप-समितिका साथीहरु, कर्मचारी वर्गहरुका साथै यस सभामा उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै संस्था स्थापना कालदेखि संस्थाको विभिन्न पदमा रही प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण सदस्य महानुभावहरुलाई धन्यवाद दिँदै आउँदै गरेको शुभ विजया दशमी, दीपावली, नेपाल सम्वत् ११४४ र छठ पर्व को हार्दिक मङ्गलमय शुभकामना ब्यक्त गर्दै विदा हुन चाहन्छु ।

जय सहकारी ! जय टेवा !

**लब कुमार खड्का**
अध्यक्ष

# टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको

## १६ औं वार्षिक साधारण सभामा कोषाध्यक्ष श्री अर्जुन चौलागाईं द्वारा प्रस्तुत आ. व. २०७९/८० को आर्थिक प्रतिवेदन एवं आ. व. २०८०/८१ को अनुमानित आय-व्यय विवरण

यस संस्थाको १६ औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, संस्थाका सल्लाहकारज्यूहरु, संचालक समितिका पदाधिकारीज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू एवं सदस्यज्यूहरु, विभिन्न उपसमितिका साथीहरु, सहकर्मी मित्रहरु, पत्रकार तथा सुरक्षाकर्मी मित्रहरु, सदस्यको सेवामा कर्तब्यनिष्ठ भई काम गर्नुहुने कर्मचारी वर्गहरुका साथै यस गरिमामय सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

**आदरणीय शेयर सदस्य महानुभावहरू,**

आफ्नो अत्यन्त कार्यव्यस्तताका बाबजुद पनि हाम्रो निमन्त्रणालाई स्वीकार गरी संस्थाको सोह्रौ वार्षिक साधारण सभामा पाल्नु भएकोमा टेवा परिवार र मेरो व्यक्तिगत तर्फबाट यहाँहरु प्रति हार्दिक आभार व्यक्त गर्दै यस सम्मानित साधारण सभामा हृदयदेखि नै हार्दिक स्वागत गर्न चाहन्छु । यहाँहरुको गौरवमय उपस्थिति संस्थाप्रतिको विश्वास र मायाको प्रमाण हो भन्ने हामीले बुझेका छौं । आज भन्दा ठीक १६ वर्ष अगाडि तत्कालिन डिभिजन सहकारी कार्यालय ललितपुरमा टेवा बहुउद्देश्यीय सहकारी संस्थाको नामबाट संस्था स्थापना गरेको भर्खर जस्तो लाग्छ । १६ औं वार्षिक साधारण सभामा आईपुग्दा करीब चार हजार भन्दा बढी सदस्य माझ यसले आफ्नो वित्तीय सेवा विस्तार गर्न सफल भएको छ । यो लामो यात्रामा हामीले अनेकौं बाधा व्यवधान, समस्या र चुनौतीलाई सामना गर्दै संस्थालाई सधैं अग्रणी स्थानमा राख्दै आएका छौं । यतिखेर हामी कोभिड-१९ को दीर्घकालिन असर, विश्वव्यापी आर्थिक मन्दी र यसले नेपाली वित्तीय बजारमा परेको प्रत्यक्ष मारमा संस्थाको गतिविधि सञ्चालन गरिरहेका छौं । यस महामारीले निम्त्याएको आर्थिक संकट, देशमा देखिएको तरलता अभावका बाबजुद पनि यस टेवा बहुउद्देश्यीय सहकारी संस्थाले वित्तिय कारोबार सञ्चालन एवम् वित्तिय आवश्यकता परिपूर्ति गर्दै अगाडि बढिरहेको छ । संस्था दिन प्रतिदिन आर्थिक तथा सामाजिक रुपमा सक्षम हुँदै गएको र लक्ष्य अनुरुप उद्देश्यहरु प्राप्त गर्दै अगाडि बढिरहेको यस गरिमामय सभामा जानकारी गराउन पाउँदा आफू गौरवान्वित भएको महशुस गरेको छु। समय परिवर्तन सँगै वित्तिय संस्था भित्र नयाँ-नयाँ जोखिम सृजना हुन सक्दछ। वित्तिय संस्था भित्रका जोखिमलाई सन्तुलन मिलाउँदै शेयर सदस्यहरुको शेयर तथा बचतलाई सुरक्षित गर्न सक्नु नै सफल वित्तिय संस्थाको चुनौती हुन्छ ।

आर्थिक वर्ष २०७८/०७९ को तुलनामा आ.व.२०७९/०८० केहि आशा लाग्दो र सामान्य अवस्थामा रहने प्रक्षेपण गरेका थियौं, तर यो वर्ष समेत निकै चुनौतिपूर्ण र तरल अवस्थामा गुज्रन पुग्यो । सहकारीको मूल्य मान्यता र सिद्धान्तका साथै वित्तीय अनुशासन बाहिर गएर सहकारी सञ्चालन गर्ने व्यक्तिका कारण सिर्जित नकारात्मक समाचारले समग्र सहकारी क्षेत्रमा अविश्वास सिर्जना भयो । आर्थिक रुपमा हाम्रो संस्थाले आ.व. २०७९/०८० का लागि लिएको लक्ष्यहरु अन्तर्गत समग्र देशकै आर्थिक संकटका बाबजुद वित्तिय लक्ष्यहरुमा उत्साहपूर्ण प्रगती गर्न सफल भएको छ । आ.व. २०७९/०८० को आषाढ मसान्तसम्म आईपुग्दा संस्थाको कुल कारोबार १ अर्ब ३२ करोड ५५ लाख ६१ हजार १ सय ६४ रुपैयाँ ७८ पैसा पुगेको कुरा यहाँहरु समक्ष जानकारी गराउँदछु ।

विभिन्न उकाली ओरालीका बाबजुद संस्थाका सक्रिय शेयर सदस्यहरु, सल्लाहकारज्यूहरु, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका पदाधिकारीहरु, कुशल कर्मचारीहरुको सहभागिताका साथै

संस्थाप्रति सधैं चासो राख्दै संस्थालाई उपयुक्त सल्लाहहरु प्रदान गर्नुहुने महानुभावहरुको सहयोगले संस्था आर्थिक रुपमा अझ सबल र सक्षम बन्दै गएको र निरन्तर नाफा कमाउँदै आएको छ । यसै सन्दर्भमा गत आर्थिक वर्षमा के कति आर्थिक उपलब्धि हासिल भए र आगामी आर्थिक वर्षमा के कति उपलब्धि हासिल गर्न सकिन्छ भन्ने सम्बन्धमा छलफलका लागि आर्थिक प्रतिवेदन यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**१ सदस्यता सम्बन्धमा :**

क. सहकारी संस्थामा सदस्यहरुको भूमिका महत्वपूर्ण हुन्छ । यस संस्थाले सदस्यता विस्तार कार्यक्रमलाई प्राथमिकता दिँदै आएको छ । यसै क्रममा संस्थाको निम्न बमोजिम सदस्यतामा वृद्धि भएको जानकारी गराउँदछु ।

| आ.व.०७९।८० को अनुमानित | आ.व.०७९।८० को वास्तविक | लक्ष्य प्राप्ति प्रतिशत | वृद्धि प्रतिशत |
|---|---|---|---|
| ५००० जना | ४१६९ जना | ८३.३८ | ५.०४ |

ख. विगत ५ आर्थिक वर्षमा संस्थाको सदस्य सङ्ख्या विवरण :

| आर्थिक वर्ष | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|---|---|
| सदस्य संख्या | १०१७ | ११२३ | १२७७ | ३९६९ | ४१६९ |

**२. शेयर पूँजी :**

क. सहकारी संस्थाको शेयर पूँजी महत्वपूर्ण विषय हो । संस्थाको ख्याती तथा सेवा प्रवाहका कारण शेयर पूँजीमा उल्लेख्य वृद्धि भएको छ । हाम्रो संस्थाको अत्यन्त सवल पक्ष भनेको मजबुत शेयर पूँजी हुनु हो । जसको विवरण निम्न अनुसार रहेको छ ।

| आ.व.०७९।०८० को अनुमानित | आ.व.०७९।०८० को वास्तविक | लक्ष्य प्राप्ति प्रतिशत | वृद्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| २८,००,००,०००/ | २७,९७,३०,८००/ | ९९.९० | १३.५८ | |

ख. विगत ५ आर्थिक वर्षमा शेयर पूँजी विवरण :

| आर्थिक वर्ष | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|---|---|
| शेयर पूँजी | ११,९१,९९,५००।- | १४,३५,९५,१००।- | १८,७४,८१,६००।- | २४,६२,७७,०००।- | २७,९७,३०,८००।- |

**३. कोषको विवरण :**

संस्थालाई दीर्घकालीन रुपमा सञ्चालन गर्न विभिन्न कोषहरुको महत्वपूर्ण भूमिका रहन्छ । विगत ५ वर्षको कोष रकम निम्न अनुसार रहेको छ ।

क. जगेडा कोष :

| आर्थिक वर्ष | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|---|---|
| जगेडा कोष | २,१३,३५,८६०।८१ | ३,३०,४४,८१६।७९ | ४,५०,७२,०२८।६० | ६,१८,८४,६४२।४३ | ८,९४,९८,५२२।०८ |

ख. अन्य कोष :

| आर्थिक वर्ष | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|---|---|
| अन्य कोषहरु | ३,८०,६६,१०१।२१ | ५,०४,७७,४१७।८८ | ५,२०,०१,०२८।५३ | ७,३८,११,१२९।५७ | ८,९५,५१,३३७।८० |

**४. निक्षेप/बचत सङ्कलन:**

क. संस्थाको आर्थिक क्रियाकलापमा बचतको महत्वपूर्ण भूमिका रहेको हुन्छ। सदस्यहरुको बचतमा हुने सक्रिय सहभागिताबाटै सदस्य तथा संस्थाले प्रतिफल प्राप्त गर्न सक्ने हुँदा संस्थाले सञ्चालनमा ल्याएका बचत योजनाहरुमा सकृय रुपमा बचत कार्यमा सहभागी हुन समेत अनुरोध गर्दछु।

| आ.व.०७९।०८० को अनुमानित | आ.व.०७९।०८० को वास्तविक | लक्ष्य प्राप्ति प्रतिशत | कैफियत |
|---|---|---|---|
| १,३०,२५,००,०००।०० | ७८,३०,६०,९६१।६९ | ६०.१२ | |

ख. गत ५ आर्थिक वर्षको बचत विवरण :

| आर्थिक वर्ष | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|---|---|
| बचत | ६२,९५,२१,३३६।७२ | ८४,६२,१९,८७३।८६ | १,०३,५३,९७,००५।२९ | ९७,००,१३,५९५।९५ | ७८,३०,६०,९६१।६९ |

**५. बैंक तथा नगद हिसाब /(तरलता)**

संस्था संचालनको लागि तरलता व्यवस्थापन गर्नुपर्ने भएकोले २०८० असार मसान्त सम्ममा संस्थाको कुल तरलता रकम रु. १०,९४,९९,०७०।२४ रहेको छ। कुल बचतको तुलनामा उक्त तरलता अनुपात १३.९८% रहेको देखिन्छ भने मुद्दती निक्षेप रकम समेतलाई समावेश गर्दा संस्थाको तरलता २२.९२% रहको छ।

**गत ५ आर्थिक वर्षको तरलता विवरण :**

| आर्थिक वर्ष | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|---|---|
| तरलता | १७,७६,२७,७८७।९७ | २५,६८,९६,९१९।६५ | २४,०१,६५,२०१।८० | १४,०४,६०,४६१।४१ | १०,९४,९९,०७०।२४ |

**६. स्थिर सम्पत्ति खरिद :**

स्थिर सम्पत्ति संस्थाको मेरुदण्ड एवं विश्वासको आधार हो। कारोबारको अनुपातमा स्थिर सम्पत्तिको अनुपात सन्तुलित बनाइनु पर्दछ।

| आ.व.०७९।०८० को अनुमानित | आ.व.०७९।०८० को वास्तविक | कैफियत |
|---|---|---|
| ७,००,००,०००।०० | २,७६,८५,९७।११ | |

विगत ५ आर्थिक वर्षमा संस्थाको स्थिर सम्पत्ति विवरण :

| आर्थिक वर्ष | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|---|---|
| स्थिर सम्पत्ति | ३,०८,१७,२३९।०१ | २,९९,५६,२३७।१६ | २,८७,२७,४५९।२७ | २,७८,०६,६४३।०८ | २,७६,८५,९७।११ |

## ७. सदस्यहरुलाई कर्जा लगानी :

क. कर्जा लगानी सहकारी संस्थाको अत्यन्त सम्वेदनशील विषय हो। कर्जा लगानी नै संस्थाको मुख्य आम्दानीको स्रोत हो । गत आ.व.मा कर्जा लगानी निकै चुनौतीपूर्ण रह्यो । लगानीको क्षेत्रमा समस्या र चुनौतीहरु थपिइरहेको अवस्था छ । यद्यपि संस्थाले सुरक्षित कर्जा लगानीलाई प्राथमिकता दिँदै विभिन्न ऋण योजना अन्तर्गत सदस्यहरुको सहभागिता र उपलब्धि निम्न अनुसार रहेको छ ।

| आ.व.०७९।०८० को अनुमानित | आ.व.०७९।०८० को वास्तविक | लक्ष्य प्राप्ति प्रतिशत | कैफियत |
|---|---|---|---|
| १,४१,७५,००,०००।०० | १,०९,६८,३२,१७२।६० | ७७.३८ | |

ख. गत ५ आर्थिक वर्षको कर्जा लगानी विवरण :

| आर्थिक वर्ष | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|---|---|
| कर्जा लगानी | ६१,६६,२८,६६१।०६ | ८५,८४,१०,२६४।६८ | ७७,६१,५३,९०२।४६ | १,११,८१,२२,३०३।९८ | १,०९,६८,३२,१७२।६० |

## ८. आम्दानी तर्फ :

क. सदस्यहरुलाई गरिएको ऋण लगानी, बैंक तथा वित्तीय संस्थामा रहेको बचतको ब्याज, लगानीबाट प्राप्त लाभांश आम्दानी र अन्य सञ्चालन आम्दानी सहित आ.व. २०७९/०८० मा संस्थाको कुल आम्दानी रु. २०,७८,०७,०१६।७६ रहेको छ ।

| आ.व.०७९।०८० को अनुमानित | आ.व.०७९।०८० को वास्तविक | लक्ष्य प्राप्ति प्रतिशत | वृद्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| २४,२५,९५,०००।०० | २०,७८,०७,०१६।७३ | ८३.५६ | १७.८५ | |

ख. गत ५ आर्थिक वर्षको आम्दानीको विवरण :

| आर्थिक वर्ष | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|---|---|
| आम्दानी | ११,२७,०२,७५८।८९ | १४,४०,९६,८६४।३९ | १४,४७,९६,०११।५४ | १७,६३,३६,६६६।४६ | २०,७८,०७,०१६।७३ |

## ९. खर्च तर्फ

सदस्यहरुको बचत र बाह्य ऋणमा ब्याज खर्च, कर्मचारी खर्च, अन्य सञ्चालन खर्च, ह्रासकट्टी र अन्य खर्च गरी कुल खर्च रु. ११,२९,८६,५७५।५७ भएको छ ।

| आ.व.०७९।०८० को अनुमानित | आ.व.०७९।०८० को वास्तविक | लक्ष्य प्राप्ति प्रतिशत | वृद्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १५,८८,५९,५००।०० | ११,२९,८६,५७५।५७ | ६९.३८ | ६.५९ | |

ख. गत ५ आर्थिक वर्षको खर्च विवरण :

| आर्थिक वर्ष | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|---|---|
| खर्च | ७,४४,७८,९६३।८४ | ९,९७,५०,९८७।४२ | ९,२१,४१,०३९।०० | १०,५९,००५८४।०५ | ११,२९,८६,५७५।५७ |

## १०. नाफा/ नोक्सान :

क. संस्थाले गर्ने आर्थिक कारोबारबाट प्रत्येक आर्थिक वर्ष सञ्चालन बचत (नाफा) प्राप्त भइरहेको छ । यस वर्ष पनि संस्थाले आर्थिक कारोबार सञ्चालनबाट सञ्चालन बचत (नाफा) आर्जन गर्न सफल रहेको छ ।

| आ.व.०७९।०८० को अनुमानित | आ.व.०७९।०८० को वास्तविक | लक्ष्य प्राप्ती | वृद्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| ७,७४,२१,९५०।०० | ८,५५,१२,९३१।२७ | ११०.४५ | ३४.७२ | |

ख. गत ५ आर्थिक वर्षको खुद नाफा नोक्सान विवरण :

| आर्थिक वर्ष | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|---|---|
| नाफा नोक्सान | ३,६६,३०,६३५।०५ | ४,१०,३७,८३४।४४ | ४,४५,९५,१७६।७६ | ६,३४,७५,५०८।३३ | ८,५५,१२,९३१।२७ |

## ११. कुल सम्पत्ति /दायित्व

| आ.व.०७९।०८० को अनुमानित | आ.व.०७९।०८० को वास्तविक | लक्ष्य प्राप्ती | कैफियत |
|---|---|---|---|
| १,८३,६५,००,०००।०० | १,३२,५५,६१,१६४।७८ | ७२.१८ | |

ख. गत ५ आर्थिक वर्षको खुद कुल सम्पत्ति /दायित्व विवरण :

| आर्थिक वर्ष | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|---|---|
| कुल सम्पत्ति दायित्व | ८९,०७,५१,३१२।२० | १,१६,३१,२६,९१७।९८ | १,३६,३९,५८,७०४।०२ | १,४२,६९,३५,५९८।७६ | १,३२,५५,६१,१६४।७८ |

## १२. नेपाल सरकारलाई राजश्वमा योगदान :

यस संस्थाबाट आ.व. २०७९/०८० मा सहकारी ऐन र नियामक निकायको निर्देशन अनुसार कर योग्य मुनाफाको १०% आयकर सहित निम्न बमोजिमको कर आन्तरिक राजस्व कार्यालयमा दाखिला गरी राज्यको राजश्वमा योगदान पुऱ्याएका छौं ।

| क्र.स | कर शिर्षक | कर रकम |
|---|---|---|
| १ | निक्षेप ब्याज कर | ५०,६१,०५३।२० |
| २ | सामाजिक सुरक्षा कर | ५२,९५१।६१ |
| ३ | पारिश्रमिकमा आधारित कर | १८,७२८।२५ |
| ४ | बैठक भत्ता कर | १,०६,३८०।०० |
| ५ | प्रा.लि.कर | ६६,३१९।३४ |
| ६ | पारवहान कर | ३,६५,४६९।३७ |
| ७ | लाभांश कर | १७,४६,२५४।३० |
| ८ | सम्भौता कर | ६,५३०।३५ |
| ९ | ज्याला कर | २,२७०।२० |
| १० | लेखा परिक्षण कर | ४,९०४।८६ |
| ११ | भत्तामा कर | ६,९१९।४५ |
| १२ | आयकर | ९३,०७,५०९।८९ |
| १३ | जम्मा | १,६७,४५,२९०।८२ |

## १३. कोष वितरण तथा खर्च :

संस्थाले आ.व.२०७८/७९ को मुनाफाबाट लाभांश र संरक्षित पूँजी कोष वितरण गरेको थियो भने कर्मचारीहरुलाई बोनस समेत वितरण गरेको थियो जुन तालिकामा यस प्रकार रहेको छ ।

| लाभांश | संरक्षित पूँजी फिर्ता कोष | कर्मचारी बोनस |
|---|---|---|
| २,३०,३३,७६३।९० | १,१८,९१,३२२।४५ | ४,३९,५७३।३३ |

यस आ.व. मा संस्थाले निम्न अनुसारको कोषमा रहेका रकम वितरण तथा खर्च गरी जगेडा कोषमा सारिएको छ ।

| विवरण | वितरण तथा खर्च | जगेडा कोषमा सारेको |
|---|---|---|
| शेयर लाभांश कोष | (२,३०,३३,७६३.९०) | (१९,७४७.२८) |
| संरक्षित पूँजी फिर्ता कोष | (१,१८,९१,३२२.४५) | (१०,३३५.३६) |
| कर्मचारी बोनस कोष | (४,३९,५७३.३३) | (१३,३३,७७३.६८) |
| सहकारी शिक्षा कोष | (४७,९४९.००) | - |
| संस्था विकास कोष | (२,५५,३४९.९९) | |
| सहकारी प्रवर्द्धन कोष | (५,४४,०३९.७१) | |
| संस्था स्थिरीकरण कोष | - | (४८,७१,७९०.५१) |
| जम्मा | (३,६२,११,९९८.३८) | (६२,३५,६४६.८३) |
| घाटा पुर्ति कोषबाट पसलको लगानीमा घटाएको | (२,००,०००.००) | - |
| जम्मा | (३,६४,११,९९८.३८) | (६२,३५,६४६.८३) |

| क.सं | कोष शिर्षक | विषय | लाभान्वित/सहभागी | खर्च रकम |
|---|---|---|---|---|
| १ | सदस्य शिक्षा कोष | कोपोमिश सम्बन्धी तालीम | कर्मचारी कविन्द्र कार्की | १,०००।०० |
| २ | सदस्य शिक्षा कोष | संचार तथा सम्बन्ध सम्बन्धी तालीम | कर्मचारी वत्सला कर्ण | ४,५२०।०० |
| ३ | सदस्य शिक्षा कोष | वित्तिय सुशासन सम्बन्धी तालीम | संचालक समिति, लेखा सुपरिवेक्षण समिति, अन्य उप-समिति तथा कर्मचारीहरु | २०,३९६।०० |
| ४ | सदस्य शिक्षा कोष | NFRS सम्बन्धी तालीम | कर्मचारी कविन्द्र कार्की | ५,८८३।०० |
| ५ | सदस्य शिक्षा कोष | झोल साबुन बनाउने सम्बन्धी तालीम | संस्थाका सदस्य महानुभावहरु | १६,१५०।०० |
| ६ | संस्था विकास कोष | आन्तरिक कार्यविधि निर्माण तथा विनियम संशोधन | संस्थाका सदस्य महानुभावहरु | ३९,५५०।०० |
| ७ | संस्था विकास कोष | पञ्चवार्षिय व्यवसायिक योजना | संस्थाका सदस्य महानुभावहरु | २,१५,७९९।९९ |

## १४. निष्कृय कर्जा (भाखा नाघेको ऋण)

सहकारीले कर्जा असुलीमा विशेष ध्यान दिएको छ। २०८० असार मसान्तसम्ममा संस्थाको निष्कृय कर्जा ०.३५ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यो ०.२४ प्रतिशत मात्र थियो।

## १५. बजेट रकमान्तर

यस संस्थाको आ.व ०७९/०८० मा प्रस्तावित अनुमानित बजेट मध्ये केहि शिर्षकमा कमी हुन गएकोले निम्न अनुसार रकमान्तर गरिएको छ।

| शीर्षक | स्वीकृत बजेट | नपुग | बजेट रकमान्तर | रकमान्तर गरिने बजेट शिर्षक | कारण |
|---|---|---|---|---|---|
| साधारण सभा खर्च | ३०,००,०००।०० | १,२३,६२९।०६ | १२५,००० | संचालक समित बैठक भत्ता खर्च | मुल्य वृद्धि कारण खर्च बढी भएको हुनाले। |
| लेखा परिक्षण शुल्क | १,५०,०००।०० | ५०,०००।०० | ५०,००० | आन्तरीक लेखा परिक्षण /अभिलेख व्यवस्थापन र सहकारी व्यवस्थापन खर्च | बजेटमा कम व्यवस्था गरिएको हुनाले। |
| स्थिर सम्पत्ति विक्रिमा खर्च | ०।०० | ३१,६७१।४६ | ३२,००० | सुरक्षा तथा एण्टी भाईरस खर्च | सम्पत्ति बिक्री भएको हुनाले। |
| रंगरोगन खर्च | ३,००,०००।०० | २०,०००।०० | २०,००० | भवन मर्मत संभार खर्च | मुल्य वृद्धि कारण खर्च बढी भएको हुनाले। |
| समवेदना खर्च | ०।०० | १७,१५५।४० | १८००० | सम्मान खर्च (संस्थापक शेयर सदस्य तथा ज्येष्ठ नागरिक) | बजेटमा व्यवस्था नगरि एको हुनाले। |

**आदरणीय शेयर सदस्य महानुभावहरू,**

कुनै पनि वित्तीय कारोबार गर्ने संघ/संस्थाहरूको दीर्घकालीन विकासको लागि पर्ल्स (PEARLS) एउटा महत्वपूर्ण व्यवसायिक औजार हो। हरेक संस्थाले आफ्नो संस्थाको वित्तीय विश्लेषण गरि पर्ल्सले किटान गरेका लक्ष्यका सूचाङ्क प्राप्तिको दिशातिर अग्रसर हुनु पर्दछ। यी सूचाङ्कहरूले संस्थालाई सहीबाटोको दिशा निर्देशन गर्दछ। हाम्रो संस्थाको वर्तमान स्थिति (आ.व. २०७९/०८०) मापन गर्दा देखिएका सुधार गर्नुपर्ने पक्षको तत्काल सुधार गर्न जरूरी ठानेको छु।

## PEARLS Monitorning System (2079/03/31)

| Pearls | उद्देश्य | लक्ष्य | वर्तमान अवस्था |
|---|---|---|---|
| **P = Protection** : सुरक्षण | | | |
| P1 | १२ महिना भन्दा वढि समय भाखा नाघेको ऋणमा सुरक्षण | १००% | १००% |
| P2 | १ देखी १२ महिना भाखा नाघेको ऋणमा सुरक्षण | ३५% | ३५ % |
| P2X | असल ऋणको लागि व्यवस्था | १% | १ % |
| **E = Effective Financial Structure :** प्रभावकारी वित्तिय संरचना | | | |
| E1 | कूल सम्पत्तिको अनुपातमा शुद्ध ऋण | ७० देखी ८०% | ८२.४६ % |
| E5 | कूल सम्पत्तिको अनुपातमा बचत | ७० देखी ८०% | ५९.०७ % |
| E6 | कूल सम्पत्तिको अनुपातमा वाह्य ऋण | वढिमा ५% | २.१५ % |
| E7 | कूल सम्पत्तिको अनुपातमा शेयर | वढिमा २०% | २१.१० % |
| E8 | कूल सम्पत्तिको अनुपातमा संस्थागत पूँजी | कम्तीमा१०% | ७.२९ % |
| **A =Assets Quality :** सम्पत्तिको गुणस्तर | | | |
| A1 | कूल ऋणको अनुपातमा भाखा नाघेको ऋण | वढिमा ५% | ०.३५ % |
| A2 | कूल सम्पत्तिको अनुपातमा नकमाउने सम्पत्ति को प्रतिशत | वढिमा ५% | ३.३८ % |
| **R = Rate of Return :** प्रतिफल | | | |
| R9 | औशत कूल सम्पत्ति को अनुपातमा संचालन खर्च | वढिमा ५% | ०.९३ % |
| R12 | औशत कूल सम्पत्ति को अनुपातमा खुद आय | कम्तीमा १०% | ६.२१ % |
| **L = Liquidity :** तरलता | | | |
| L1 | जम्मा बचतको अनुपातमा तरलता | कम्तीमा १५% | १३.९८ % |
| L3 | कुल सम्पत्ति को अनुपातमा नकमाउने तरल सम्पत्ति | वढिमा १% | ०.५५ % |
| **S = Sign of Growth :** वृद्धिको संकेत | | | |
| S10 | सदस्यता वृद्धि अनुपात | घटिमा १२% | ५.०४ % |
| S11 | सम्पत्ति वृद्धि अनुपात | मुल्य वृद्धि दर भन्दा वढि १०% भन्दा वढि) | ७.१० % |

**आदरणीय शेयर सदस्य महानुभावहरू,**

संस्थाको रणनीतिक कार्यदिशाको लागि आ.व. २०७९/८० देखि आ.व. २०८३/०८४ सम्मको लागि ५ वर्षे रणनीतिक व्यवसायिक योजना तयार पारीएको छ। उक्त आ.व. २०७९/८० देखि २०८३/०८४ सम्मको लागि प्रस्तावित व्यवसायिक योजनाको संक्षिप्त विवरण निम्न अनुसार रहेको छ।

संस्थाको आ.व. ०७९/०८०, आ.व. ०८०/०८१, आ.व.०८०/०८१ को संशोधित, आ.व.०८१/०८२, आ.व.०८२/०८३ र आ.व.०८३/०८४ सम्ममा संस्थाले लिने रणनैतिक कार्य योजनाहरुको संक्षिप्त आर्थिक झलकहरु

| लक्ष्य नं | लक्ष्यको प्रकार | आ.व.०७९/८० आषाढ समान्त | आ.व.०८०/८१ आषाढ समान्त | आ.व.०८०/८१ आषाढ समान्त संशोधित | आ.व.०८१/८२ आषाढ समान्त | आ.व.०८२/८३ आषाढ समान्त | आ.व.०८३/८४ आषाढ समान्त |
|---|---|---|---|---|---|---|---|
| १ | सदस्य संख्या | ५,०००.०० | ५,६००.०० | ५,६००.०० | ६,२७२.०० | ७,०२५.०० | ७,८६८.०० |
| २ | बचत/ निक्षेप | १,११,९९,०६,३९५.०० | १,३१,९६,२७,२१७.०० | १,०१,८७,४०,६२४.४८ | १,५५,५६,५३,१३६.०० | १,८३,४६,९९,३१०.०० | २,१६,४७,४२,०५०.०० |
| ३ | शेयर पूँजी | २८,००,००,०००.०० | ३१,००,००,०००.०० | ३१,००,००,०००.०० | ३४,००,००,०००.०० | ३७,००,००,०००.०० | ४०,००,००,०००.०० |
| ४ | कर्जा/ऋण लगानी | १,३४,१४,२०,२६९.०० | १,५४,७२,८८,३०९.०० | १,४०,३९,४५,१८०.९३ | १,७८,३६,३१,५५५.०० | २,०८,२६,४८,९२०.०० | २,४१,२१,७२,७४७.०० |
| ५ | भाखा नाघेको ऋण | ५ प्रतिशत भन्दा कम | ५ प्रतिशत भन्दा कम | ५ प्रतिशत भन्दा कम | ५ प्रतिशत भन्दा कम | ५ प्रतिशत भन्दा कम | ५ प्रतिशत भन्दा कम |
| ६ | जगेडा कोष | ८,८२,१२,०८४.४५ | १०,९३,१९,७८४.०० | १२,१०,३७,५५२.९७ | १२,००,८१,११४.३० | १३,५०,८२,८३२.८५ | १५,२७,३०,५६०.८५ |
| ७ | बाह्य ऋण | ३,००,००,०००.०० | ४,५०,००,०००.०० | २,६८,००,०००.०० | ५,४७,००,०००.०० | ५,७५,१०,०००.०० | ६,१०,१९,०००.०० |
| ८ | स्थीर सम्पत्ति | २,७०,१७,९६२.०० | २,६५,९०,३१३.०० | २,९०,७०,२६९.०० | २,५८,७५,५२९.०० | २,५२,२४,००३.०० | २,४५,७६,६९०.०० |
| ९ | कर्मचारी संड्ख्या | १४ | १६ | १६ | १८ | १८ | १८ |
| १० | शेयर लगानी | १,१०,३७,५००.०० | १,१०,६७,५००.०० | १,१०,६७,५००.०० | १,१०,६७,५००.०० | १,१०,६७,५००.०० | १,१०,६७,५००.०० |
| ११ | कार्यक्षेत्र | ललितपुर महानगरपालिका, गोदावरी नगर पालिका र महालक्ष्मी नगरपालिकाको वडा नं १ देखि ४ सम्म | ललितपुर जिल्ला भर | ललितपुर जिल्ला भर | ललितपुर जिल्ला भर | ललितपुर जिल्ला भर | ललितपुर जिल्ला भर |
| १२ | तालीम संचालन | ९ | ९ | ९ | ९ | ९ | ९ |
| १३ | सामाजिक कार्यहरु | ३ | ३ | २ | ३ | ३ | ३ |
| १४ | बिमाको क्षेत्रहरु | भल्ट, मार्गस्थ तथा कर्मचारीहरुको बिमा | | | | | |
| १५ | बैठकहरु तथा साधारण सभा | ८० | ८० | ८० | ८० | ८० | ८० |
| १६ | आन्तरीक कार्यविधिहरु | 0 | ३ | ३ | ३ | १ | १ |
| १७ | आय विवरण | २३,३४,२०,०७२.८८ | २७,७४,७८,२०५.५६ | २६,०५,४९,१२८.२८ | ३१,७८,३४,९०६.२० | ३६,६२,३५,७४०.६५ | ४२,२७,५०,१८६.७८ |
| १८ | व्यय विवरण | १४,००,७३,९५२.०९ | १६,१७,९५,८९४.२९ | १३,३४,०३,८८०.७० | १९,०७,६४,९४३.७३ | २२,३२,९०,९४३.९४ | २६,११,३०,५४६.१३ |
| १९ | खुद बचत | ९,३३,४६,१२०.७९ | ११,५६,८२,३११.२७ | १२,७१,४५,२४७.५८ | १२,७०,६९,९६२.४७ | १४,२९,४४,७९६.७१ | १६,१६,१९,६४०.६४ |

अब म गत आ.व.२०७८।०७९ र २०७९।०८० तुलनात्मक वित्तिय झलक प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| शीर्षक | आ.व.२०७८।०७९ | आ.व.२०७९।०८० |
|---|---|---|
| शेयर पूँजी | २४,६२,७७,०००।०० | २७,९७,३०,८००।०० |
| जगेडा कोष तथा अन्य कोष | १२,९९,४८,९२७।०२ | १७,९०,४९,८५९।८८ |
| विविध कोष | ५७,४६,८४४।९९ | ५९,७८,६६५।३२ |
| बाह्य ऋण | ३,००,००,०००।०० | २,८४,९०,१७०।४८ |
| निक्षेप (डिपोजिट) | ९७,००,१३,५९५।९५ | ७८,३०,६०,९६१।६९ |
| अन्य दायित्व तथा व्यवस्था | ४,४९,४९,२३०।८१ | ४,९२,५०,७०७।४२ |
| जम्मा | १,४२,६९,३५,५९८।७६ | १,३२,५५,६१,१६४।७८ |
| | | |
| नगद तथा बैंक मौज्दात | १४,०४,६०,४६१।४१ | १०,९४,९९,०७०.२४ |
| ऋण लगानी | १,११,८१,२२,३०३।९८ | २,७६,८५,९७१.११ |
| स्थिर सम्पत्ति | २,७८,०६,६४३।०८ | १,०९,६८,३२,१७२.६० |
| अन्य सम्पत्ति | ८८,३१,२२७।१३ | ९८,१४,८३२.३२ |
| लगानी | १३,१७,१४,९६३।१६ | ८,१७,२९,११८.५१ |
| जम्मा | १,४२,६९,३५,५९८।७६ | १,३२,५५,६१,१६४।७८ |

***नोटः मूल विषयको विस्तृत विवरण लेखा परिक्षकको अनुसूचीबाट देखिने भएकोले सो सम्बन्धमा लेखा परिक्षकको प्रतिवेदनमा संलग्न भएको अनुसूची अध्ययन गर्नुहुन अनुरोध गर्दछु ।***

**आदरणीय शेयर सदस्य महानुभावहरू,**

आर्थिक वर्ष २०८०।०८१ मा संस्थाले अवलम्बन गर्ने नीति तथा कार्यक्रमहरुको विवरण अध्यक्षज्यूको प्रतिवेदनमा पेश भएको व्यहोरा अनुरोध गर्दै विगत वर्षहरुको प्रगति समिक्षा, शेयर सदस्यहरूको आवश्यकता, माग र चाहना, प्रतिस्पर्धी बजार, सहयोगी निकायबाट उपलव्ध हुन सक्ने सहयोगको आधार मानी आ.व. २०८०/०८१ को लागि यो प्रस्तावित लक्ष्य तथा बजेट, आय विवरण र प्रस्तावित वासलात, आम्दानी तथा खर्च विवरणहरु तयार परिएको छ ।

**लक्ष्यः**

यस आ.व.०८०/०८१ को अन्तसम्ममा संस्थाले राखेको लक्ष्य निम्न अनुसार रहेको छ ।

- शेयर पूँजीतर्फ रू. २७,९७,३०,८००/- बाट बढाई रू ३१,००,००,०००/- पुऱ्याउने लक्ष्य रहेको छ ।
- ऋण लगानीतर्फ रू. १०९,६८,३२,१७२।६० बाट बढाई रु. १,४०,३९,४५,१८०।९३ पुऱ्याउने लक्ष्य रहेको छ ।
- बचत संकलनतर्फ रू.७८,३०,६०,९६१।६९ बाट बढाई रु. १,०१,७९,७९,२५०।२० पुऱ्याउने लक्ष्य रहेको छ ।

- आम्दानी तर्फ जम्मा आम्दानी रू २६,०५,४९,१२८।२८ पुऱ्याउने लक्ष्य रहेको छ भने खर्चतर्फ यस आ.व.को अन्त सम्ममा रू १३,३४,०३,८८०।७० मा सिमित गरि आ.व. २०८०/०८१ को मुनाफा रू. १२,७१,४५,२४७।५८ पुऱ्याउने लक्ष्य रहेको छ

(अब म ०८०/०८१ को प्रस्तावित लक्ष्य तथा बजेट, आय विवरण र प्रस्तावित वासलात विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।)

| विवरण | आ.व. २०७९।०८० को वास्तविक | आ.व. २०८०।०८१ को अनुमानित |
|---|---|---|
| नगद | ७३,०६,०२८।०२ | ७१,३२,५३५।०३ |
| बैक मौज्दात | १०,२१,९३,०४२।२२ | ११,२४,१२,३४६।४४ |
| कर्जा लगानी | १,०९,६८,३२,१७२।६० | १,४०,३९,४५,१८०।९३ |
| स्थिर सम्पत्ति | २,७६,८५,९७१।११ | २,९०,७०,२६९।६७ |
| अन्य सम्पत्ति | ९८,१४,८३२।३२ | ३,०९,९७,१६८।०६ |
| शेयर तथा आवधिक लगानी | ८,१७,२९,११८।५१ | ९,११,४३,५००।०० |
| **जम्मा सम्पत्ति** | **१,३२,५५,६१,१६४।७८** | **१,६७,४७,०१,०००।१२** |
| | | |
| शेयर पूँजी | २७,९७,३०,८००।०० | ३१,००,००,०००।०० |
| जगेडा तथा अन्य कोषहरु | १७,९०,४९,८५९।८८ | २४,७९,९९,५८३।३३ |
| विविध कोषहरु | ५९,७८,६६५।३२ | ६०,००,०००।०० |
| बाह्य ऋण सहकारी बैंक | २,८४,९०,१७०।४८ | २,६८,००,०००।०० |
| बचत निक्षेप | ७८,३०,६०,९६१।६९ | १,०१,८७,४०,६२४।४८ |
| अन्य दायित्व | ४,९२,५०,७०७।४२ | ६,५१,६०,७९२।३१ |
| **जम्मा पूँजी तथा दायित्व** | **१,३२,५५,६१,१६४।७८** | **१,६७,४७,०१,०००।१२** |
| **बित्तिय कारोबार बाट आम्दानी** | | |
| ब्याज आम्दानी | १७,७४,२०,३३६।४९ | २३,१८,६२,७६१।३४ |
| बैक ब्याज आम्दानी | १,५५,७४,८४५।७२ | १,६३,४१,२६७।३३ |
| हर्जाना आम्दानी | ७९,५७,१८०।०३ | ०।०० |
| सेवा शुल्क आम्दानी | २८,५९,४७०।०० | ७५,१९,७२५।९० |
| लगानीबाट लाभांस आय आम्दानी | १९,७७,१६२।५४ | २०,५७,४७२।०० |
| ऋण सुरक्षण कोष आम्दानी | २,७०,७१९।१५ | ८,००,०००।०० |
| **खुद ब्याज आम्दानी** | **२०,६०,५९,७१३।९३** | **२५,८५,८१,२२६।५८** |

| अन्य आम्दानीका स्रोत | | |
|---|---|---|
| प्रवेश शुल्क | १५,६००।०० | ४०,०००।०० |
| कर्जा आवेदन शुल्क | ६४,५५०।०० | १,००,०००।०० |
| रेमिट आम्दानी | १,६०,६९३।६२ | २,०८,९०१।७१ |
| खाता बन्द शुल्क | २४,९००।०० | ०।०० |
| घर भाडा आम्दानी | ११,९५,०००।०० | १२,४८,०००।०० |
| चेक कलेक्सन चार्ज | ५,५६५।०० | १०,०००।०० |
| ई सेवा सर्भिस आम्दानी | २८७।३७ | १,०००।०० |
| विविध आम्दानी | १,८८,०८८।५४ | २,२०,०००।०० |
| गणेशमान स्वास्थ्य साकोस आम्दानी | २५,०००।०० | ३०,०००।०० |
| स्मार्ट बैंकिङ्ग आम्दानी | ६७,६१८।२७ | १,००,०००।०० |
| कर्मचारी आवेदन शुल्क | ०।०० | १०,०००।०० |
| **जम्मा आम्दानीका स्रोत** | **१७,४७,३०२।८०** | **१९,६७,९०१।७१** |
| **जम्मा आम्दानी** | **२०,७८,०७,०१६।७३** | **२६,०५,४९,१२८।२८** |
| **वित्तिय खर्च** | | |
| निक्षेपमा ब्याज खर्च | ९,५०,७३,३७९।५४ | १०,७६,७०,८८२।२३ |
| बाह्रय ऋण ब्याज राष्ट्रिय सहकारी बैक | ३९,९८,९४२।९२ | ४०,००,०००।०० |
| जोखिम कोष व्यवस्था खर्च | ०।०० | ३०,७१,१३०।०८ |
| कर्जा प्रकृयागत खर्च | ०।०० | २,००,०००।०० |
| ब्याज छुट खर्च | ०।०० | ०।०० |
| **जम्मा ब्याज खर्च** | **९,९०,७२,३२२।४६** | **११,४९,४२,०१२।३२** |
| **कर्मचारी खर्च** | | |
| कर्मचारी तलब खर्च | ४७,१८,७८०।७७ | ५४,२६,५९७।८९ |
| कर्मचारी दशैं खर्च | २,६१,९०७।०० | ३,१४,२८८।४० |
| कर्मचारी बिमा खर्च | २८,०००।०० | २९,४००।०० |
| कर्मचारी उपदान व्यवस्था खर्च / सामाजिक सुरक्षा कोष | २,३१,८२०।३३ | ७,२०,०००।०० |
| ओभर टाईम खर्च | ०।०० | ५०,०००।०० |
| कर्मचारी पोसाक खर्च | ०।०० | २,००,०००।०० |
| कर्मचारी आवश्यकता विज्ञापन खर्च | ०।०० | ५०,०००।०० |
| कर्मचारी वृत्तिविकास तथा तालीम खर्च | ५६,०००।०० | १,००,०००।०० |
| **जम्मा कर्मचारी खर्च** | **५२,९६,५०८।१०** | **६८,९०,२८६।२९** |

## प्रशासनिक खर्च

| | | |
|---|---|---|
| **सूचना, प्रविधि तथा सञ्चार महशुल खर्च** | | |
| टेलिफोन खर्च | २०,४५०।०० | २६,५८५।०० |
| पत्र पत्रिका खर्च | ६,३४०।०० | ८,२४२।०० |
| केवल च्यानल खर्च | ४,२००।०० | ४,६२०।०० |
| प्रविधि ईन्टरनेट खर्च | १,६४,०७६।०० | १,८०,४८३।६० |
| वेबसाईट अद्यावधिक खर्च | ०।०० | १५,०००।०० |
| सफ्टवेयर खर्च | ९०,५४०।०७ | १,२०,०००।०० |
| एस.एम.एस खर्च | ३,६७२।०० | ५,०००।०० |
| स्मार्ट बैकिङ्ग खर्च | ८३,५८९।२७ | १,००,०००।०० |
| **जम्मा** | ३,७२,८६७।३४ | ४,५९,९३०।६० |
| **ईन्धन खर्च** | | |
| स्कुटर ईन्धन खर्च | १७,७५५।०० | ३५,०००।०० |
| जेनेरेटर ईन्धन खर्च | १७,६११।३२ | २०,०००।०० |
| **जम्मा** | ३५,३६६।३२ | ५५,०००।०० |
| **पानी तथा विजुली खर्च** | | |
| पिउने पानी खर्च | ४१,६००।०० | ६५,०००।०० |
| विद्युत महशुल खर्च | १,९४,९९०।०० | २,२०,०००।०० |
| **जम्मा** | २,३६,५९०।०० | २,८५,०००।०० |
| **सीप विकास, जनचेतना, तालीम तथा गोष्ठी सम्बन्धी खर्च** | | |
| सदस्यता विस्तार तथा घरदैलो कार्यक्रम खर्च | ०।०० | १,००,०००।०० |
| अध्ययन, अवलोकन, क्षमता अभिवृद्धि, भ्रमण खर्च | ०।०० | ४,००,०००।०० |
| वातावरण सरसफाई तथा वृक्षारोपण खर्च | ३८,४००।०० | ४४,०६४।०० |
| महिला सिप विकास तालीम खर्च | ०।०० | १,००,०००।०० |
| शुभकामना, बजारीकरण तथा संस्था प्रवर्द्धन खर्च | ०।०० | ५०,०००।०० |
| भ्रमण खर्च | ०।०० | ५०,०००।०० |
| **जम्मा** | ३८,४००।०० | ७,४४,०६४।०० |
| **सामाजिक उत्तरदायित्व तथा कार्यक्रम खर्च** | | |
| साधारण सभा खर्च | ३१,२३,६२९।०६ | ३०,००,०००।०० |
| सम्मान खर्च (संस्थापक शेयर सदस्य तथा ज्येष्ठ नागरिक) | ५६,८९०।४० | ६०,०००।०० |
| रक्तदान, स्वास्थ्य परिक्षण तथा जनचेतना खर्च | ०।०० | १,२५,०००।०० |
| अन्तराष्ट्रिय सहकारी दिवस खर्च | ०।०० | १५,०००।०० |
| सहकारी दिवस खर्च | ०।०० | २०,०००।०० |

| | | |
|---|---|---|
| वार्षिकोत्सव खर्च | २३,६७०।०० | २९,५८७५० |
| **जम्मा** | **३२,०४,१८९।४६** | **३२,४९,५८७५०** |
| **मर्मत संभार खर्च** | | |
| सवारी साधन मर्मत संभार खर्च | १,३५०।०० | २५,०००।०० |
| भवन मर्मत संभार खर्च | २६,८८०।०० | २,५०,०००।०० |
| कार्यालय उपकरण मर्मत संभार खर्च | ३,२६,५४२।२८ | ५,००,०००।०० |
| अन्य मर्मत तथा संभार खर्च | ०।०० | १,००,०००।०० |
| **जम्मा** | **३,५४,७७२।२८** | **८,७५,०००।००** |
| **पदाधिकारी खर्च** | | |
| संचालक तथा लेखा सुपरिवेक्षण समित बैठक भत्ता खर्च | ५,७६,०००।०० | ५,००,०००।०० |
| बैठक खर्च | ४३,०६२।०० | १,००,०००।०० |
| उप-समिति बैठक भत्ता खर्च | १,३३,२००।०० | २,००,०००।०० |
| **जम्मा** | **७,५२,२६२।००** | **८,००,०००।००** |
| **आन्तरिक सुरक्षा तथा लेखा परिक्षण खर्च** | | |
| सुरक्षा खर्च | ७,३४,५००।०० | ९,५०,०००।०० |
| सुरक्षा तथा एण्टी भाईरस खर्च | ०।०० | २५,०००।०० |
| लेखा परिक्षण शुल्क | २,००,०००।०० | २,००,०००।०० |
| आन्तरीक लेखा परिक्षण/अभिलेख व्यवस्थापन र सहकारी व्यवस्थापन खर्च | ३०,०००।०० | १,८०,०००।०० |
| स्थिर सम्पत्तिमा बिमा खर्च, राजश्व खर्च, बिमा प्रिमियम खर्च | १,६६,९३८।२२ | २,५०,०००।०० |
| **जम्मा** | **११,३१,४३८।२२** | **१६,०५,०००।००** |
| **अन्य प्रशासनिक खर्च** | | |
| समवेदना खर्च | १७,१५५।४० | ०।०० |
| ढुवानी/भाडा खर्च | ०।०० | ०।०० |
| मसलन्द तथा छपाई खर्च | १,९९,९७८।८६ | ३,००,०००।०० |
| क्यालेण्डर छपाई खर्च | १,६८,८५०।०० | २,५०,०००।०० |
| सदस्यता नविकरण शुल्क/ बैंक कमिशन तथा चार्ज खर्च | ५,६०५।०० | २०,०००।०० |
| ह्रास कट्टी खर्च | ११,२९,७१३।०२ | १२,५०,०००।०० |
| ज्याला खर्च | २,०२०।२० | ६०,०००।०० |
| मालपोत खर्च | २२,८००।०० | ६०,०००।०० |
| वार्षिक खाताबन्दी खर्च | १,३६०।०० | ३६,०००।०० |
| स्थिर सम्पत्ति विक्रि खर्च | ३१,६७१।४६ | ०।०० |
| चेक कलेक्सन खर्च | ७,५९५।०० | ३६,०००।०० |

| | | |
|---|---|---|
| आर्थिक तथा कानुनी परामर्श खर्च | ०।०० | १,५०,०००।०० |
| कार्यालय सरसफाई खर्च | ११,३४०।०० | २५,०००।०० |
| कार्यालय अतिथि तथा अभ्यागत खर्च | २,६०,६९८।०० | ४,००,०००।०० |
| बाल बचत योजना खर्च | १,५८,५५४।१६ | २,००,०००।०० |
| रंगरोगन खर्च | ३,२०,०००।०० | १,००,०००।०० |
| शुभकामना तथा चियापान खर्च | ०।०० | ५०,०००।०० |
| ग्याँस रिफिल खर्च | १९,९००।०० | ३६,०००।०० |
| दिपावली तथा पुजा खर्च | २८,४३०।०० | ५०,०००।०० |
| होर्डिङ बोर्ड खर्च | ०।०० | २५,०००।०० |
| कार्यालय सजावट खर्च | ०।०० | १,२०,०००।०० |
| टोनर रिफिल खर्च | १६,५११।०० | ६०,०००।०० |
| नखप्ने सामान खर्च | ५६,८८०।०० | १,००,०००।०० |
| भैपरी खर्च | ०।०० | २०,०००।०० |
| कर्जा निरीक्षण तथा ताकेता खर्च | १,९८०।०० | ५०,०००।०० |
| स्वास्थ्य जन्य प्रकोप, महामारी तथा अन्य स्वास्थ्य आपतकालिन खर्च | १,४००।०० | ५०,०००।०० |
| विविध खर्च | २९,४१७।२९ | ५०,०००।०० |
| **जम्मा** | **२४,९१,८५९।३९** | **३४,९८,०००।००** |
| जम्मा प्रशासनिक खर्च | ८६,१७,७४५।०१ | १,१५,७१,५८२।१० |
| जम्मा ब्याज खर्च, प्रशासनिक खर्च तथा कर्मचारी खर्च | ११,२९,८६,५७५।५७ | १३,३४,०३,८८०।७० |
| आयकर व्यवस्था अघिको मुनाफा | ९,४८,२०,४४१।१६ | १२,७१,४५,२४७।५८ |
| आयमा समावेश गर्नु नपर्ने रकम (लाभांश आम्दानी) | (१९,७७,१६२।५४ | (२०,५७,४७२।०० |
| **जम्मा करयोग्य आम्दानी** | **९,२८,४३,२७८।६२** | **१२,५०,८७,७७५।५८** |
| आयकर खर्च (क) | **९२,८४,३२७।८६** | **२,५०,१७,५५५।१२** |
| समायोजन उपदान खर्चको १० प्रतिशत (ख) | २३,१८२।०३ | ८०,०००।०० |
| कुल आयकर व्यवस्था (क) र (ख) को जोड | ९३,०७,५०९।८९ | २,५०,९७,५५५।१२ |
| लगानीबाट लाभांश आय | १९,७७,१६२।५४ | २०,५७,४७२।०० |
| बाँडफाँड हिसाबमा सारेको नाफा | ८,५५,१२,९३१।२७ | १०,२०,४७,६९२।४७ |
| **सदस्य संख्या** | **४,१६९।००** | **५,६००।००** |

यस वार्षिक प्रतिवेदनमा पेश भएको बजेट र आगामी ४ वर्षको रणनीतिक व्यवसायिक योजना साकार पार्ने उद्देश्यले तयार पारिएको छ । सदस्यहरुको जीवनस्तर परिवर्तनको लागि सहकारी नै सर्वोत्कृष्ट माध्यम हो भन्ने विश्वासमा दृढ भई अगाडि बढ्ने प्रतिवद्धता सहित संस्थाको आजसम्मको प्रगति र सफलताहरुका लागि आदरणीय सदस्यज्यूहरु प्रति कृतज्ञ हुँदै यस सभामा प्रस्तुत भएको प्रस्तावित बजेट तथा आगामी ४ वर्षको रणनीतिक व्यवसायिक योजना उपर रचनात्मक सल्लाह र सुझाव सहित पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

अन्त्यमा,

आजको यस वार्षिक साधारण सभाको अवसरमा सहकारी संस्थामा आबद्ध सम्पूर्ण शेयर सदस्यहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । समयमै लेखापरीक्षण कार्य सम्पन्न गरी सहकारी संस्थालाई आवश्यक सुझावहरु समेत दिने वाह्य लेखापरिक्षक तथा लेखा सुपरिवेक्षण समितिलाई संचालक समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । यस सहकारी संस्थालाई सफल बनाउन सहयोग गर्नुहुने शुभचिन्तक, शेयर सदस्य महानुभावहरु र कर्मचारीवर्गहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । हाम्रो सहकारी संस्थालाई सर्वोत्कृष्ट बनाउनको लागि विगतमा झैं आउँदा दिनहरुमा पनि सबै शुभचिन्तक तथा शेयर सदस्य महानुभावहरुबाट अमुल्य सल्लाह सुझाव तथा शुभेच्छाको अपेक्षा गर्दै, आउँदा दिनहरुलाई अझ उपलब्धिमुलक बनाउने प्रण सहित उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन व्यक्त गर्दै आउँदै गरेको शुभ विजया दशमी, दीपावली, नेपाल सम्वत् ११४४ र छठ पर्व को हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै विदा हुन चाहन्छु ।

जय सहकारी ! जय टेवा

अर्जुन चौलागाई<br>
कोषाध्यक्ष

# टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

टेवा चोक, हात्तीबन ललितपुरको

लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन

शेयर सदस्यज्युहरु,
टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,
ल.पु.म.न.पा.-२३, टेवाचोक, हात्तिवन, ललितपुर ।
सोह्रौं वार्षिक साधारण सभा

यस गरिमामय सभाका सभाध्यक्षज्यू, सल्लाहकारज्यूहरु, संचालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, विभिन्न उपसमितिका मित्रहरु र सम्पूर्ण कर्मचारीहरुका साथ साथै यस गरिमामय सभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछौं ।

**आदरणीय सदस्य महानुभावहरू,**

कुनै पनि संगठनको सुसञ्चालन र सफलताको लागि यसको नीति, विधि र सो अनुसारको सञ्चालन प्रक्रिया सुशासनयुक्त र पारदर्शी हुन अत्यन्त आवश्यक छ । सहकारी संस्थालाई सक्षम, व्यवसायीक र सबल बनाउन सहकारी ऐन, नियम, कानून, मापदण्ड तथा संस्थाको विनियम अनुसार संस्था भित्र छुट्टै सुपरिवेक्षक अंगको रुपमा लेखा सुपरिवेक्षण समितिको व्यवस्था गरिएको यहाँहरूलाई अवगत नै छ ।

संस्थाको आर्थिक गतिविधि सञ्चालन प्रक्रियामा कतैबाट त्रुटि र कमजोरी नहोस् कथंकदाचित भै हालेमा पनि त्यसलाई समयमै सुधार गर्ने र आगामी दिनमा ति पुनः नदोहोरिऊन् भन्ने तर्फ लेखा सुपरिवेक्षण समितिले आन्तरिक सुपरिवेक्षण प्रक्रियामा सदैव आफ्नो ध्यान केन्द्रित गरेको छ । लेखा सुपरिवेक्षण समितिको तर्फबाट संस्थाको क्रियाकलाप सञ्चालनका क्रममा सहकारी ऐन, सम्बन्धित नियम, विनियम, कानून, अन्तर्गत पालना गर्नुपर्ने नियमहरू पालना भए नभएको, विभिन्न समितिहरूको निर्णय अध्ययन, कर्जा गुणस्तर, आर्थिक सुशासन एवं पारदर्शिता, कर्जा लगानी गर्दा प्रकृयागत पूर्णताको जाँच परिक्षण, आन्तरिक एवं बाह्य लेखापरिक्षण प्रतिवेदनको अध्ययन तथा विश्लेषण मार्फत नियमित सुधारका लागि सुझाव दिने गरिएको छ ।

प्रदेश सहकारी ऐन २०७६ को दफा ४४ बमोजिम गठन भई सोही ऐनको दफा ४५ ले निर्दिष्ट गरेको काम, कर्तव्य तथा अधिकार बमोजिम प्रत्येक चौमासिक रुपमा सहकारी संस्थाको आन्तरिक लेखा परीक्षण, निरीक्षण तथा अनुगमन गरी सो को प्रतिवेदन उपर सञ्चालक समितिसँग बुँदागत रुपमा छलफल गरिएको व्यहोरा जानकारी गराउँदै उक्त प्रतिवेदनमा सुझाइएका कतिपय विषयहरू सञ्चालक समितिबाट सम्भव भएसम्म तत्काल कार्यान्वयनको निर्देशन दिइएको र कतिपय विषयहरू कार्यान्वयनको चरणमा रहेको व्यहोरा अनुरोध गर्दछौं । केही विषयहरू जसलाई यस सम्मानित साधारण सभाले घनिभूत रुपमा छलफल गरी सञ्चालक समितिलाई निर्देशित गर्नुपर्ने ब्यहोरा अनुरोध गर्दछौं ।

लेखा सुपरिवेक्षण समितिले औंल्याएका यस्ता विषयहरू समेटिएको यस आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन लिएर यहाँहरू समक्ष उपस्थित भएका छौं ।

हामीले हाम्रो यस संस्थाले गरेका लगानीहरू उपर अध्ययन गर्दा गरिएका लगानी बापत लिइएको धितो बन्धकीको अवस्था, ऋण लगानीमा गरिएको कागजी प्रकृयाहरू, धितो मूल्याङ्कन कर्ताको प्रतिवेदन र सम्बन्धित ऋणीले

देखाउनु भएको आर्थिक पारदर्शिता समेतको अध्ययन गर्यौं । जसमा असार मसान्त सम्ममा वर्ष भरी पाकेको ब्याज मध्ये १.४३ प्रतिशत ब्याज उठ्नबाँकी देखिन्छ अन्यथा अरु ऋणको कारोबार पारदर्शी देखिन्छ । तरलता व्यवस्थापनका लागि सञ्चालक समितिले निश्चित प्रतिशतको रकम सदैव संस्था सँग रहने गरी व्यवस्थापन गरेको हामीले पाएका छौं र तोकिएको प्रतिशतलाई कायम राख्नका लागि सुझाव समेत दिएका छौं ।

यसरी तरलता व्यवस्थापन गर्न र अधिक भन्दा अधिक ऋण लगानी गरी संस्थाको साख उच्च राख्दै शेयर सदस्यज्यूहरूलाई अधिक मुनाफा वितरण गर्नु दोहोरो चुनौती सञ्चालक समिति सामु देखिन्छ । यसो हुनका लागि निक्षेप रकमको वृद्धि नै एकमात्र उपाय हुन जान्छ । तसर्थ निक्षेप वृद्धिका नयाँ कार्यक्रमहरू बनाई लागू गर्नुहुन सुझाव दिन चाहन्छौं साथै सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा आफ्नो सम्पूर्ण बचत कारोबार संस्था मार्फत गर्नुहुन र यहाँहरूले कबुल गरेको मासिक बचत रकम समयमै गर्नुहुन हार्दिक अनुरोध गर्न चाहन्छौं ।

सम्पूर्ण कर्मचारीहरुलाई उत्प्रेरणात्मक (Motivational) र आफ्नो जिम्मेवारी सँग सम्बन्धित तालीमहरु उपलब्धता का आधारमा आंशिक रुपमा दिइएको हामीले पाएका छौं । अझै सबै कर्मचारीहरु समेटिने गरी व्यवहारीक तथा कार्यालयगत तालीमहरुको आवश्यकता हामीले देखेका छौं ।

यस आर्थिक वर्षका लागि संस्थाले राखेका लक्ष्यहरू केही पूर्ण भएका छन् भने कतिपय लक्ष्य प्राप्तिका लागि अझै ठोस योजनाका साथ मेहनत गर्नुपर्ने देखिएको छ ।

**१. अघिल्लो साधारण सभाको निर्णयको कार्यान्वयनको अवस्था :-**

सम्पूर्ण आदरणीय शेयर सदस्यज्यूहरूमा पन्ध्रौं (१५औं) वार्षिक साधारण सभामा पेश भई पारित भएका अध्यक्षज्यूको प्रतिवेदन, कोषाध्यक्षज्यूको आर्थिक प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन र लेखा सुपरिवेक्षण समितिको प्रतिवेदनहरू मध्ये देहायका विषयहरू कार्यान्वयन भएको वा नभएको पाइयो ।

- शेयर सदस्य संख्याको लक्ष्य ८३.३८% प्राप्त भएको पाइयो ।
- कर्जा लगानीका लागि लिइएको लक्ष्य ७७.३८% प्राप्त गरिएको छ ।
- निक्षेप संकलनको लक्ष्य ६०.१२% प्राप्त भएको छ ।
- शेयर पूँजीको लागि लिइएको लक्ष्य ९९.९०% प्राप्त भएको छ ।
- नाफाको लागि लिइएको लक्ष्य ११०.४५% प्राप्त भएको छ ।
- घरदैलो सेवा कार्यक्रम पहिलेकै रुपमा निरन्तरता दिइएको हामीले पाएका छौं ।
- भाखा नाघेको कर्जाको हकमा छुट्याउनुपर्ने १%, ३५% र १००% सबै रकमहरू नियमानुसार छुट्याइएको हामीले पाएका छौं ।

**२. आर्थिक वर्ष २०७९/०८० मा बसेको बैठक संख्या र निर्णय कार्यान्वयनको अवस्था :**

| क्र.स. | बिवरण | बैठक संख्या |
|---|---|---|
| १. | सञ्चालक समिति | १७ |
| २. | लेखा सुपरिवेक्षण समिति | ६ |
| ३. | सञ्चालक र लेखा सुपरिवेक्षण समिति संयुक्त बैठक | ३ |
| ४. | सञ्चालक, लेखा सुपरिवेक्षण र उप समिति संयुक्त बैठक | १ |
| ५. | शिक्षा उप-समिति | १ |
| ६. | ऋण उप-समिति | १४ |

| | | |
|---|---|---|
| ७. | महिला तथा बाल-बालिका उप-समिति | ३ |
| ८. | स्वास्थ्य हितकोष उप-समिति | १० |
| ९. | सामाजिक परिचालन उप-समिति | १ |
| १०. | ज्येष्ठ नागरिक कोष उप-समिति | १ |
| ११ | विविध (साधारण सभा व्यबस्थापन र अन्य) | ३ |

**३. ऋण लगानीको प्रकृया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :-**

संस्थाले ऋण लगानीका लागि निम्न प्रकृयाहरू अवलम्बन गर्दै आएको छ ।

३.१. संस्थाको निर्धारित ढाँचाको निवेदन माग गरेको पाइएको छ ।

३.२. रु. १० लाख सम्मको ऋण माग भएमा ऋण उप समितिबाट निर्णय भई सञ्चालक समितिबाट अनुमोदन गर्ने गरिएको छ । यसका लागि दर्तावाल मूल्याङ्कनकर्ता बाट मूल्याङ्कन गरिएको छैन ।

३.३. रु. २५ लाख सम्म ऋण माग भएमा ऋण उप-समितिबाट निर्णय भई दर्तावाल मूल्याङ्कनकर्ताको मूल्याङ्कनको आधारमा सञ्चालक समितिबाट अनुमोदन गर्ने गरिएको छ ।

३.४. रु. २५ लाख भन्दा माथिको ऋण रकम माग भएमा ऋण उपसमितिबाट सिफारिस भई दर्तावाल मूल्याङ्कनकर्ताको मूल्याङ्कनको आधारमा सञ्चालक समितिको निर्णयबाट लगानी गर्ने गरिएको पाइएको छ ।

३.५. लघुवित्त कर्जाको हकमा समेत ऋण उप-समितिको सिफारिसमा सञ्चालक समितिले अनुमोदन गर्ने गरेको पाइएको छ ।

३.६. साँवा तथा ब्याज असुलउपर गर्नका लागि पत्राचार लगायतका प्रकृया समयमा नै पुरा गर्नुहुन सुझाव दिएका छौं ।

**४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी विवरण :-**

४.१. बागमती प्रदेश भूमि व्यवस्था तथा सहकारी मन्त्रालयद्धारा जारी सहकारी संघ/संस्था दर्ता, सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०७७ को परिच्छेद (२) दफा ४ को (३) अनुसार "यो मापदण्ड जारी हुनु अघि दर्ता भएका बहुउद्देश्यीय सहकारी संस्थाले एक भन्दा बढी विषयको काम गर्नु पर्नेछ, कुनै एउटा विषयको मात्र कारोबार गरेको भए यो मापदण्ड लागू भएको २ वर्ष भित्र प्रकृति परिवर्तन गर्नुपर्ने छ" भनी उल्लेख भएकोले हाम्रो संस्थाले पनि बचत तथा ऋणको मात्र कारोबार गर्दै आएकोले सो सम्बन्धमा कसरी अगाडि बढ्ने हो यस विषयमा छलफल गरी निर्णय लिनुहुन सम्पूर्ण शेयर सदस्यज्यूहरूमा समेत अनुरोध गर्दछौं ।

**५. सहकारी विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/ सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू :-**

५.१. यस आर्थिक वर्षमा संस्थामा कुनै विभाग वा संघहरूबाट अनुगमन, निर्देशनहरू नभएको व्यहोरा अनुरोध गर्दछौं ।

५.२ सहकारी विभाग वा नियामक निकायले दिएको सार्वजनिक सूचनाहरु कार्यान्वयनका लागि प्राथमिकता दिईएको पाईएको छ ।

**६. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :-**

६.१. पारिश्रमिक:- कुनै पदाधिकारीले नलिएको ।

६.२. बैठक भत्ता:- सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिले एक पटकमा रू. ३,०००/- र अन्य उप-समितिहरूले एक पटकमा रू. १,८००/- बैठक भत्ता लिदैं आएकोमा २०८० साल असार ५ गते को सञ्चालक समितिको निर्णयानुसार हाललाई बैठक भत्ता नलिने निर्णय गरिएको छ ।

६.३. अन्य सुविधा:- संस्थाका पदाधिकारीहरूले कुनै पनि अन्य सुविधा लिएको छैन ।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था :-**

७.१. साधारण सभाबाट कर्मचारी प्रशासन नियमावली भएको ।

७.२. नियमावली अधिकतम प्रयोगमा ल्याइएको ।

७.३. भर्ना प्रकृया पारदर्शी र प्रतिस्पर्धी भएको ।

७.४. यस आर्थिक वर्षमा व्यवस्थापनबाट कर्मचारीहरुसँग सुझाव संकलन तथा कार्य सम्पादन मूल्याङ्कन गरिएको पाइएको छ । यसको निरन्तरताको लागि आगामी दिनमा सञ्चालक समितिबाट यसैका आधारमा कर्मचारीहरूको क्षमता पहिचान गरी जिम्मेवारी तोक्ने तथा उत्कृष्ट कर्मचारी छनौट को आधार तयार हुने विश्वास लिएका छौं ।

७.५. व्यवस्थापनको तर्फबाट सञ्चालकलाई पेश गर्नुपर्ने वार्षिक योजना, बचत तथा शेयर वृद्धिका कार्यक्रमहरू, संस्थाको सामाजिक ख्यातिको अवस्था र वृद्धि गर्ने उपायहरूलाई समितिबाट छलफल भई बजेटमा समावेश भएको छ ।

७.६. कर्मचारीहरुको भर्ना प्रकृया र संख्या :

५.६.१: करार - ५ जना

५.६.२: अस्थायी - १ जना

५.६.३: स्थायी - ८ जना

**८. लेखा सुपरिवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरू कार्यान्वयनको अवस्था :**

८.१. संस्थाका आदरणीय शेयर सदस्यहरू जसले बचत तथा ऋणको कारोबार कम गर्नु भएको छ, संस्थाको ज्येष्ठ नागरिक बचत खाता कोषमा सहभागिता जनाउनु भएको छैन, संस्थाको बारेमा अझ बढि बुझ्नु पर्ने छ आदि जस्ता विषयको बारेमा पत्ता लगाउन र संस्था प्रति आत्मियता बढाउन सञ्चालक समितिले आफ्ना उप-समितिहरू परिचालन गरी उहाँहरूसँग संवाद कार्यक्रम सञ्चालन गर्नुहुन सुझाव दिन्छौं । हाललाई यस्तो कार्यक्रम फोन मार्फत सूचारु गरि एको छ । साथै यसै साधारण सभामा वार्षिक प्रतिवेदन पुस्तिका सँगै "सदस्य सन्तुष्टी पहिचान सर्वेक्षण फाराम" उपलब्ध गराइएको छ, सम्पूर्ण सदस्य महानुभावहरुलाई उक्त फाराम भरी संस्थामा बुझाईदिनु हुन समेत हामी हार्दिक अनुरोध गर्दछौं ।

८.२. अझ प्रभावकारी रुपमा महिला उप-समिति, शिक्षा उपसमिति, ज्येष्ठ नागरिक उप-समिति तथा सामाजिक परिचालन उपसमितिले बनाएका कार्यक्रमहरू अनुकूलता हेरी सञ्चालन गर्नुहुन सुझाव दिन्छौं ।

८.३. संस्थाले आफ्नो संयोजनमा CTEVT तथा अन्य निकायहरू सँग समन्वय गरी आफ्ना सदस्यहरूलाई निम्न उल्लेखित विषयहरूमा तालीम कार्यक्रमहरू सञ्चालन गर्नुहुन सुझाव दिन्छौं ।

८.३.१. विभिन्न किसिमका आयमूलक तालीमहरूमा सहभागि गराउने ।

८.३.२. सदस्यहरूलाई सहकारी शिक्षा तालीमहरू सम्पन्न गराउने ।

८.३.३. सदस्यहरूलाई समय समयमा वित्तिय साक्षरता कार्यक्रमहरू आयोजना गरी तालीममा सहभागी गराउने जस्ता कार्यक्रम तर्फ पहल गर्नुहुन सुझाव दिन्छौं ।

८.४ अघिल्लो साधारण सभामा लेखा सुपरिवेक्षण समितिबाट प्रस्तुत भई पारित भएको संस्थाले ऋण लगानी गर्दा धितो राखेको घर, जग्गाहरू संस्थाद्वारा गरिएको रोक्काको अवस्था बारे समय समयमा मालपोत कार्यालयमा गई बुझबुझारथ तथा संस्थाद्वारा गरिएको ऋण लगानीको सदुपयोग भए नभएको अनुगमन गर्नका लागि ऋण अनुगमन उपसमिति गठन गर्नुहुन दिइएको सुझाव माथि संचालक समितिले छलफल गरी सो को मिति २०८०।४।१० गते को निर्णयानुसार ऋण उप-समितिलाई जिम्मा दिईएको पाइएको छ ।

**९. लेखा सुपरिवेक्षण समितिको सुझावहरु :**

- नेपालका सहकारी संस्थाहरूको हालको अवस्थालाई मध्यनजर गर्दा अधिकांश ऋण लगानी अनुत्पादक क्षेत्रमा हुन गएको र सो क्षेत्रको कारोबारमा कमी आएका कारण त्यसको चाप समग्र सहकारीमा पर्न गएको विषयमा हामी सबै अनभिज्ञ छैनौं तसर्थ हाम्रो संस्थाले अबका दिनमा गर्ने लगानीको दायरा फराकिलो गर्दै कुल ऋण लगानीको केही प्रतिशत शैक्षिक, सेवामूलक तथा उत्पादनशील क्षेत्रमा समेत लगानी गर्ने वातावरण तयार गर्नुहुन सुझाव दिन्छौं ।
- सहकारी संघ/संस्था दर्ता, सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०७७ को परिच्छेद ४ को दफा २२ मा प्रति सदस्य कुल पूँजी कोषको १० प्रतिशतसम्म ऋण लगानी गरिने व्यवस्था भएता पनि लेखा सुपरिवेक्षण समितिको अघिल्लो वार्षिक प्रतिवेदनमा समेत उल्लेख गरी पारित गरिएको एकाघर परिवार माथि गरिने ऋण लगानीको सिमा निर्धारण गरी ऋण लगानी तथा असुली नीतिमा समावेश गरी कार्यान्वयन गर्नुहुन पुनः सुझाव दिन्छौं ।

अन्त्यमा,

लेखा सुपरिवेक्षण समितिको यो प्रतिवेदन माथि छलफल गरी पारित गरिदिनुहुन सम्पूर्ण सदस्य महानुभावहरूमा आग्रह गर्दछौं । साथै आफ्नो अमूल्य समय दिएर यस साधारण सभाको शोभा बढाउनको लागि उपस्थित प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सदस्य महानुभावहरू, सञ्चालक समितिका साथीहरू, सल्लाहकार महानुभावहरू, विभिन्न उप-समितिका पदाधिकारीहरु, सहकर्मी मित्रहरू, सञ्चारकर्मी साथीहरू, कर्मचारीवर्गहरूका साथै यस सभामा उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं । नेपालीहरूको घर आँगन माझ आउँदै गरेको शुभ विजया दशमी, दिपावली, नेपाल सम्वत् ११४४ र छठ पर्व को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै बिदा हुन चाहन्छु । यहाँहरूको साथ र सहयोगको लागि धन्यवाद ।

जय सहकारी ! जय टेवा !

मिति :२०८० असोज २० गते शनिवार ।

लेखा सुपरिवेक्षण समिति

| संयोजक | सदस्य | सदस्य |
|---|---|---|
| श्याम सुन्दर लामिछाने | बिमला रिजाल ढुङ्गेल | दिलीप खत्री |

S. ACHARYA & ASSOCIATES
Chartered Accountants
PAN No: 103766562

Putalisadak, Kathmandu
Tel: +977-9851198461, 9845549279
E-mail: sacharyaassociates@gmail.com

## टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सदस्य महानुभावहरू समक्ष
## स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

### १. कैफियत सहितको राय

हामीले टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड ललितपुर महानगरपालिका २३ टेवाचोक हात्तिवन ललितपुर (यस पछि संस्था भनिएको) को यसै साथ संलग्न २०८० आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको कार्य सञ्चालन विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरुले संस्थाको २०८० आषाढ मसान्तको वित्तीय अवस्था र सोही मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा वा नोक्सानको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानूनका अधिनमा रही यथार्थ चित्रण गर्दछ ।

संस्थाले वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमानको व्यवस्था अनुरुप वित्तीय सुचनाको पहिचान, पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासा गरी तयार गर्नुपर्नेमा सो बमोजिम तयार गरीएका छैनन् । वित्तीय सुचनाको पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको सञ्चित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्ने भएकाले नेपाल वित्तीय प्रतिवेदनमानको व्यवस्था अनुरुपको वित्तिय विवरण उपर राय दिन हामी असमर्थ छौं ।

### २. कैफियत सहितको रायका आधारहरु

१) साना तथा मझौला निकाय बाहेकका निकायलाई लागु हुने वित्तीय प्रतिवेदनको ढाँचा साविकको नेपाल लेखामानबाट २०७३ श्रावण १ देखि नेपाल वित्तीय प्रतिवेदनमानमा परिवर्तन भएको छ। संस्थाको यस आ.व.को विश्वासयोग्य क्षमताको आधारमा जम्मा गरेको बचत तथा ऋण दायित्वको कुल जोड रु. पचास करोडभन्दा बढी भएकाले संस्थाले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार पार्नुपर्नेमा वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमानको व्यवस्था अनुरुप तयार गरीएको छैन। सो व्यवस्था अनुरुप नयाँ लेखानीतिहरुका आधारमा वित्तीय सुचनाको पहिचान, पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासा आबश्यक पर्दछ । नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप वित्तीय सुचनाको पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको सञ्चित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्दछ ।

